# व्यवस्थापिका-संसद

## प्राकृतिक स्रोत र साधन समिति

### वन संरक्षण समस्या अध्ययन प्रतिवेदन,२०६७

व्यवस्थापिका-संसद
प्राकृतिक स्रोत र साधन समिति
Email : natural.resource@can.gov.np
Web site : www.can.gov.np

# विषय-सूची

विषय | पृष्ठ संख्या

## भाग १


**प्रारम्भिक** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ वन संरक्षणको सम्बन्धमा समितिबाट भए गरेका कार्यहरु ........ १
१.३ उपसमितिको गठन ........ २
१.४ स्थलगत अध्ययनका उद्देश्यहरु ........ २
१.५ उपसमितिका कार्यहरु ........ ३
१.६ स्थलगत अध्ययन ........ ३
१.७ अध्ययन विधि: ........ ३
१.८ प्रतिवेदन मस्यौदा एवं अन्तरक्रिया सञ्चालन कार्यदल ........ ३
१.९ स्थलगत अध्ययन गरिएका क्षेत्रहरु ........ ४


## भाग २


**स्थलगत अध्ययनको विवरण** ........ ५
२.१ स्थलगत अध्ययनबाट प्राप्त विवरणहरु ........ ५
२.२ स्थलगत अध्ययन गरिएका जिल्लाहरु ........ ७
२.३ अपनाइएका वन व्यवस्थापन पद्धतिहरुको विवरण ........ ८
२.४ स्थलगत अध्ययनको सारांश ........ ८


## भाग ३


**समस्याको कथन** ........ १०
सरकारद्वारा व्यवस्थित वन ........ १०
३.१ वन संरक्षण ........ १०
३.२ काठ दाउरा चोरी निकासी ........ १०
३.३ वन्यजन्तुको संरक्षण ........ ११
३.४ वन क्षेत्रको संरक्षण (अतिक्रमण र अव्यवस्थित बसोवास) ........ ११
३.५ चुरे संरक्षण ........ १२
३.६ वन सम्बर्धन ........ १२
३.७ वनको उपयोग ........ १३
३.८ वन प्रशासनका चुनौति ........ १३
३.९ कानूनी र नीतिगत समस्या ........ १४
३.१० विविध ........ १४
सामुदायिक वन ........ १५
३.११ वन संरक्षण ........ १५
३.१२ वन सम्बर्धन ........ १५
३.१३ वनको सदुपयोग ........ १५
३.१४ नीतिगत र कानूनी पक्ष ........ १६
३.१५ विविध ........ १७
३.१६ साझेदारी वन ........ १७

## भाग ४


**वन संरक्षण र व्यवस्थापनमा देखिएका विसंगतिहरुको विवेचना** ........................................ १८

*४.१ वन प्रशासन* ........................................ *१८*

*४.२ सामुदायिक वन* ........................................ *१९*

*४.३ वन अतिक्रमण र अव्यवस्थित बसोवास* ........................................ *२१*

*४.४ वन संरक्षण र व्यवस्थापन* ........................................ *२२*


## भाग ५


**निश्कर्ष** ........................................ *२४*


## भाग ६


**सुझाव तथा निर्देशन** ........................................ *२६*

*६.१ राजनैतिक प्रतिवद्धता* ........................................ *२६*

*६.२ नीतिगत एवं कानूनी व्यवस्था* ........................................ *२७*

*६.३ वन व्यवस्थापन* ........................................ *२८*

*६.४ सामुदायिक वन* ........................................ *२९*

*६.५ सरकारद्वारा व्यवस्थित वन* ........................................ *३०*

*६.६ वन प्रशासन* ........................................ *३१*

*६.७ वन अतिक्रमण* ........................................ *३२*

*६.८ जैविक विविधताको संरक्षण* ........................................ *३३*

*६.९ चुरे संरक्षण* ........................................ *३४*

*६.१० जलाधार व्यवस्थापन* ........................................ *३४*

*६.११ जलवायु परिवर्तन र वन* ........................................ *३५*

*६.१२ विविध* ........................................ *३५*


## अनुसूचीहरु


*अनुसूची-१*

समितिको वैठक सम्वन्धी विवरण .................. ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-२*

उपसमितिको वैठक सम्वन्धी विवरण ............... ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-३*

प्राकृतिक स्रोत र साधन समितिका माननीय सदस्यहरुको नामावली.... ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-४*

उपसमितिमा रहनु भएका मा. सदस्यहरुको नामावली . ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-५*

सचिवालय / समितिका कर्मचारीहरु ............... ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-६*

स्थलगत अध्ययन टोलीको विवरण ................. ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-७*

प्रश्नावलीको विवरण.............................. ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-८*

संसदीय टोलीद्वारा वन विनास र अतिक्रमण सम्वन्धमा सोधिएका प्रश्नका उत्तरको सारसंक्षेप..... ***ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.***

*अनुसूची-९*
सरोकारवालाहरुसँग भएको अन्तरक्रिया एवं छलफलबाट प्राप्त सुझावहरु***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१०*
स्थलगत अध्ययनको विवरण ........................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-११*
भू-उपयोगको स्थिति ..............................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१२*
जिल्लागत रुपमा भएको वन व्यवस्थापन पद्धतिको विवरण***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१३*
वन अतिक्रमणको स्थिति ..........................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१४*
बाँके जिल्लामा आ.व.२०६६/६७ मा वन हस्तान्तरण गरी रुख काट्न सहमति दिएको र काटेको परिमाण ................................................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१५*
वन पैदावारको उपयोग र प्राप्त राजस्वको विवरण.....***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१६*
स्थलगत अध्ययनबाट प्राप्त सुझावहरु................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१७*
केही मामला अध्ययन.............................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*अनुसूची-१८*
अन्तरक्रियामा सहभागीहरुको नामावली..............***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*सन्दर्भ सामाग्रीहरु*.................................***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***
*स्थलगत अध्ययनको क्रममा संकलित केही तस्वीरहरु* ..***ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.***

# भाग १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपाल प्राकृतिक सम्पदाहरुको धनी देश हो । यहाँ जल, जंगल, जमिन, जडिवुटी र जीवजन्तु प्रमुख रुपमा रहेका छन् । त्यसमध्ये वन जंगलको स्थान पनि महत्वपूर्ण रुपमा रहिआएको छ । पहिले हरियो वन नेपालको धन भनिन्थ्यो तर पछिल्ला दिनहरुमा वैध वा अवैध रुपमा रुख कटान गरी वन विनास हुँदै गएपछि यो उक्ति इतिहासको पानामा मात्र सीमित रहन पुगेको छ । राष्ट्र जतिवेला संक्रमणकालीन अवस्थामा रहन्छ, त्यस वेला वन फँडानी र वन क्षेत्र अतिक्रमण गर्ने एवं चोरी शिकारी गर्ने कार्यहरु तीब्र हुँदै आएका छन् ।

यस किसिमबाट भएको वन विनासको क्रमलाई आकलन गरी सन् १९८० को दशकमा वैज्ञानिकहरुले यही क्रममा वन विनास हुँदै जाने हो भने सन् २००० सम्ममा देश मरुभूमि हुने कुराको चेतावनी दिएका थिए । वि.स.२०४६ को राजनैतिक परिवर्तन पश्चात् सामुदायिक वनको अवधारणा आएको र क्रमशः यसको विकास हुँदै जाँदा पहाडी क्षेत्रमा जनताको सहभागितामा वन संरक्षणको कार्य सफल एवं व्यवस्थित भै नेपालको सामुदायिक वनले अन्तर्राष्ट्रिय रुपमा प्रशंसा पायो र नेपालमा यसलाई सफल वन व्यवस्थापनको नमूनाको रुपमा हेरिन थालियो । पछिल्ला वर्षहरुमा आउँदा वन व्यवस्थापनका तीनवटा पाटा संरक्षण, सम्वर्धन र सदुपयोगमध्ये अघिल्ला दुई पाटालाईभन्दा रुख काटेर बेच्ने तर्फ सवैको ध्यान जान थालेको छ । अहिले तराई र भित्री मधेशका सामुदायिक वनको पदाधिकारी हुन अस्वस्थ प्रतिस्पर्धा बढेको छ । वन कार्यालयले सामुदायिक वन व्यवस्थापनको लागि नभै रुख कटानी गर्न सामुदायिक वन दिने प्रवृर्ति देखिन थालेको छ । रुख जोगाउने तर्फभन्दा रुख काटेर काठ बेच्ने प्रतिस्पर्धा हुन थालेको देखिएको छ । यसमा के प्रशासक, के राजनीतिक दलका कार्यकर्ता, के सामुदायिक वनका पदाधिकारी कोही यसमा अछुतो रहेको देखिदैन । यो रोग अव तराई भित्री मधेश हुँदै पहाडी जिल्लामा समेत सर्न थालेको छ । नेपालको वातावरण सन्तुलन राख्न देशमा ४० प्रतिशत वन राख्नु पर्ने प्रावधान संविधानमा राख्न प्रस्ताव गरिएको छ र यसमा सवै पक्षको सहमति भइरहेको अवस्थामा यो अतिक्रमण र विकृतिलाई समयमा नसच्याउने हो भने भोलि हाम्रो अपेक्षामा कुठाराघात हुन जान्छ । नेपालमा वन विनासको क्रम तीब्र भएको २०१८ सालदेखि हो तापनि सवैभन्दा बढी वन विनास निर्दलीय व्यवस्थालाई जिताउन २०३६ सालमा भएको थियो भने २०६६/६७ मा त्यसको पुनरावृत्ति भएको कुरा प्राप्त तथ्याङ्कहरुले देखाएको छ । वन संरक्षणमा वन तथा भू-संरक्षण मन्त्रालयको संयन्त्र असफल भएको हो कि भन्ने भान पर्न थालेको छ ।

यसै क्रममा विगत केही महीनादेखि देशको पूर्वदेखि पश्चिमसम्मको वन क्षेत्रमा साल, सिसौ, अस्ना लगायत हरिया र वहुमूल्य रुखहरु कटान गर्ने काम तीव्र पारिएको कुरा विभिन्न संचार माध्यम लगायतका स्रोतबाट सम्वन्धित निकायको ध्यानाकर्षण गराउने काम भएपनि त्यसको रोकथामतर्फ सम्बन्धित निकाय र पदाधिकारीहरुको ध्यान गएको नपाइएकोले व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिले आफ्नो कार्य क्षेत्रभित्र भएको यस विषयमा गंभीर चासो व्यक्त गरी सम्बद्ध निकायका पदाधिकारीहरुसँग छलफल गरेको थियो । यस वाहेक यो समितिले वन वातावरण र वन्य जन्तु संरक्षणका विभिन्न पक्षहरुमा चासो राख्दै विभिन्न समयमा विभिन्न कार्य गर्दै आएको छ ।

## १.२ वन संरक्षणको सम्बन्धमा समितिबाट भए गरेका कार्यहरु

१.२.१ मिति २०६७।२।२० मा वन तथा भू-संरक्षण मन्त्रालयलाई आगामी वजेट र कार्यक्रममा प्राकृतिक प्रकोप लगायत वन डढेलोलाई नियन्त्रण गर्न स्पष्ट, नतिजामूलक कार्यक्रम बनाई लागू गराउने र त्यसको लागि विभिन्न दातृ संस्थालाई यस्ता कार्यक्रमहरुमा संलग्न गराउन निर्देशन दिने भन्ने निर्णय भएको ।

१.२.२ मिति २०६७।२।२० मा वन तथा भू-संरक्षण मन्त्रालयले डढेलो नियन्त्रणका लागि दुई महीनाभित्र राष्ट्रिय डढेलो नियन्त्रण रणनीति बनाई त्यसको जानकारी दिन निर्देशन दिने निर्णय भएको ।

१.२.३ मिति २०६७।२।६ मा देशका विभिन्न स्थानमा तीव्र गतिमा भइरहेका वन फँडानी र वन अतिक्रमण रोक्नका लागि तत्कालै आवश्यक काम कारवाही अगाडि वढाउन निर्देशन दिने निर्णय भएको ।

१.२.४ नेपालका २७ जिल्लाहरुको प्रारम्भिक अध्ययनवाट व्यापक रुपमा वन फडानी कटानी एवं वन क्षेत्र अतिक्रमणको कारण अख्तियार दुरुपायोग भएको देखिएको र यसमा जिम्मेवार पदाधिकारीहरु समेतको संलग्नता भएको महशुश हुन आएकोले जाँचवुझ आयोग ऐन,२०२६ को दफा ३ वमोजिम जाँचवुझ आयोग गठन गर्न २०६७।३।६ मा

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत नेपाल सरकारलाई निर्देशन दिने निर्णय भएको । यसका साथै वुँदा नं. १.२.५ र १.२.६ को निर्णय पनि सोही मितिमा गरिएको ।

१.२.५ उक्त आयोग गठन भई आयोगले निर्णय गरे अनुसार हुने गरी इलाम, मोरङ्ग, उदयपुर, सिन्धुली, सर्लाही, .महोत्तरी, रौतहट, वारा, मकवानपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, वाँके, सुर्खेत, वर्दिया, कैलाली, कञ्चनपुर, डडेल्धुरा, सिराहा, सप्तरी,. धनुषा, सुनसरी र झापा जिल्लाका राष्ट्रिय एवं सामुदायिक वनमा काठ दाउरा कटानी रोक्न र कटानी भई घाटगद्दीमा रहेका काठ दाउराको विक्री वितरण र ओसार पसार पूर्ण रुपमा वन्द गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।

१.२.६ सामुदायिक वनवाट प्रति क्यू. फिट रु.२५०।- देखि रु.३००।- सम्म खरिद गरेर उपभोक्तालाई रु. ३०००।- सम्ममा विक्री गर्ने गरेको र हाल वजारमा प्रशस्त काठ आइरहेको सन्दर्भमा समितिको उक्त निर्णयलाई आधार वनाई कृत्रिम अभाव सिर्जना गरी काठको मूल्य वृद्धि र अभाव सिर्जना भएमा काठ विक्री वितरण गर्ने व्यापारी माथि छानविन गरी कारवाही गर्न सम्वन्धित मन्त्रालयलाई निर्देशन दिने ।

१.२.७ तराई र भित्री मधेशमा सुकुम्वासी भूमिहीन, मुक्त कमैया, विद्यालय, खेलमैदान, स्वास्थ्य संस्था र वाढीपीडितको समस्या समाधान गर्ने नाममा वन क्षेत्र नै उपलव्ध गराउने गरी भइरहेको सोचमा परिवर्तन गरी उल्लिखित कार्यका लागि वन क्षेत्र वाहेकको विकल्प खोज्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

समितिको वैठक र वैठकमा भएका निर्णयहरुको विवरण अनुसूची-१ मा दिइएको छ ।

## *१.३ उपसमितिको गठन*

तराई र भित्री मधेश लगायतका विभिन्न क्षेत्रमा भएको वन विनास सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०६७/२/१८ मा मा.श्री रामकुमार शर्माको संयोजकत्वमा वन संरक्षण समस्या अध्ययन उप समिति गठन भएको थियो । उपसमितिको वैठक सम्वन्धी विवरण र उपसमितिमा रहनु भएका मा. सदस्यहरुको नामावली क्रमशः अनुसूची-२ र अनुसूची-४ मा दिइएको छ ।

## *१.४ स्थलगत अध्ययनका उद्देश्यहरु*

१.५.१ अध्ययन गरिएका जिल्लाहरुमा वर्तमान राजनैतिक तरलताको अवस्थामा भएको वन विनास र अतिक्रमणले पारेको हानी नोक्सानीको विवरण संकलन गर्ने;

१.५.२ सुकुम्वासी, मुक्त कमैया, भूमिहीन, शरणार्थी, बाढी पीडित आदिको नामबाट सृजना भएको वन अतिक्रमण समस्याको पहिचान गर्ने;

१.५.३ चुरे लगायतका कमलो (Fragile) इकोसिष्टम संरक्षण गर्न देखिएका समस्या र तिनको समाधानको संभाव्य उपायहरु पहिचान गर्ने;

१.५ ४ वन संरक्षणका कानूनी र नीतिगत समस्या र समाधानका उपायहरु पहिचान गर्ने;

१.५.५ वन संरक्षण गर्ने निकायहरुको मौजुदा संरचना र स्रोत साधनको अवस्थाको आकलन गर्ने;

१.५.६ अवैध र गलत ढंगवाट भएको वन कटानी, फँडानी र अतिक्रमणको अध्ययन गरी भविष्यमा यसलाई कसरी संरक्षण गर्ने ? त्यसको पहिचान गर्ने;

१.५.७ जंगली हात्तीको समस्याको पहिचान गर्ने,

१.५.८ वन संरक्षण र उपभोगको वीच तालमेल गर्न स्पष्ट नीतिगत आधार तयार गर्ने;

१.५.९ वन अतिक्रमण, वन फँडानी तथा वन पैदावारको अवैध चोरी निकासीको स्वरुपको पहिचान;

१.५.१० वनबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए, नभएको अध्ययन गर्ने र वन अतिक्रमण, वन फँडानी, वन पैदावारको अवैध चोरी निकासीबाट भएको राजस्व चुहावट जस्ता समस्याहरु समाधानका उपायहरु पहिचान गर्ने र

१.५.११ वनको संरक्षण र दीगो उपयोगबीच तालमेल मिलाउन गरिनुपर्ने नीतिगत व्यवस्थाको लागि सवल आधार तयार गर्ने ।

## १.५ उपसमितिका कार्यहरु

१.६.१ उपर्युक्त उद्देश्य परिपूर्तिको लागि विभिन्न मन्त्रालय, विभाग तथा कार्यालय, संघ, संस्थाहरुसँग वन कटानी, फँडानीका समस्या, समस्या समाधानका उपाय बारे जानकारी लिने ।

१.६.२ विभिन्न टोलीहरु बनाई तराई र भित्री मधेशका २६ वटा जिल्लाको वन फँडानी र कटानी भएका उल्लेखनीय क्षेत्रहरुको स्थलगत अवलोकन गरी सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखहरु, जिल्ला वन अधिकृत र अन्य पदाधिकारीहरु, सामुदायिक वन र साझेदारी वनका प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु र पत्रकारहरुसँग छलफल एवं अन्तरक्रिया गर्ने ।

१.६.३ माथि १ र २ को कार्य सकिएपछि सो को आधारमा उपसमितिले काठमाण्डौमा बृहद अन्तरक्रिया गर्ने ;

१.६.४ यस विषयमा विभिन्न सूचना र सन्दर्भ सामाग्रीहरुको अध्ययन, वन व्यवस्थापनका लागि भइरहेका नीति, नियम र कार्यक्रमको प्रभावकारिताका सन्बन्धमा डेस्कटप अध्ययन गरी कानूनी, नीतिगत तथा संस्थागत सुधारको लागि समेत आफ्नो राय र सुझावसहितको प्रतिवेदन समितिमा पेश गर्ने ।

## १.६ स्थलगत अध्ययन

अध्ययन उपसमितिले देशका विभिन्न भागमा रहेका सरकारद्वारा व्यवस्थापन गरिएको वन, सामुदायिक वन र साझेदारी वनमा भएको वन फँडानी र कटानीको विषयमा विभिन्न निकाय तथा ब्यक्तिहरुसँग छलफल र अन्तरक्रिया गरी २६ जिल्लामा सातवटा टोली गठन गरी स्थलगत अध्ययन गरेको थियो । स्थलगत अध्ययन टोलीको विवरण अनुसूची-६ मा दिइएको छ । स्थलगत अध्ययनको क्रममा टोलीहरुले जिल्लामा विभिन्न पक्षहरुसँग छलफल एवं अन्तरक्रिया गरी आफ्नो प्रतिवेदन उप समितिमा पेश गरेका थिए ।

## १.७ अध्ययन विधि:

१.७.१ वन फँडानी र वन क्षेत्रको जग्गा अतिक्रमण भएका क्षेत्रको स्थलगत अध्ययन, काठ दाउरा चोरी निकासीका तरिकाको पहिचान गर्ने ।

१.७.२ प्रश्नावली मार्फत प्राप्त सूचना तथा जानकारी विश्लेषण,(प्रश्नावली र स्थलगत अध्ययनका क्रममा सोधिएका प्रश्नहरुको सारसंक्षेप क्रमशः अनुसूची-७ र अनुसूची-८ मा दिइएको छ ।

१.७.३ सन्दर्भ समग्रीहरुको अध्ययन,

१.७.४ वन व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला मन्त्रालय, विभाग, कार्यालयका पदाधिकारी एवं विभिन्न संघ, संस्थाका प्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया ।

१.७.५ स्थलगत अध्ययन भ्रमणपछि दैनिक समीक्षा बैठक ।

१.७.६ सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखहरु, जिल्ला वन अधिकृत र अन्य पदाधिकारीहरु, सामुदायिक वन र साझेदारी वनका प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु र पत्रकारहरुसँग छलफल एवं अन्तरक्रिया ।

## १.८ प्रतिवेदन मस्यौदा एवं अन्तरक्रिया सञ्चालन कार्यदल

स्थलगत अध्ययन टोलीहरुले दिएको प्रतिवेदन, सरोकारवालाहरुसँग भएको अन्तरक्रिया एवं छलफल, सन्दर्भ सामाग्रीहरु र प्रचलित कानूनको समेत अध्ययन गरी प्रतिवेदनको मस्यौदा तयार गर्न मिति २०६७।३।२९ मा मा.श्री गगन थापाको संयोजकत्वमा मा.श्री चन्द्रदेव जोशी, मा.श्री जनककुमारी चालिसे, मा.श्री डवलवहादुर शाह र मा.श्री रणध्वज लिम्वु रहनु भएको कार्यदल गठन गरिएको थियो । त्यसै गरी वन व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला मन्त्रालय, विभाग, कार्यालयका पदाधिकारी एवं विभिन्न संघ, संस्थाका प्रतिनिधिहरुलाई सहभागी गराई छलफल एवं अन्तरक्रियाको आयोजना गर्न मा.श्री रामकुमार शर्माको संयोजकत्वमा मा.श्री चन्द्रबहादुर गुरुङ्ग र मा.श्री यशोदादेवी अधिकारी सदस्य रहनु भएको कार्यदल पनि गठन गरिएको थियो । जस अनुसार मिति २०६७।५।३ मा “वन संरक्षण समस्या र समाधान” विषयमा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त दुवै कार्यमा वन विज्ञ श्री सन्तोषमणि नेपालको सहयोग रहेको थियो । अन्तरक्रियाबाट प्राप्त सुझाव र अन्तरक्रियामा सहभागीहरुको विवरण क्रमश अनुसूची-९ र अनुसूची १८ मा दिइएको छ ।

## १.९ स्थलगत अध्ययन गरिएका क्षेत्रहरु

| क.स. | जिल्ला | स्थलगत अध्ययन गरिएका क्षेत्र |
|---|---|---|
| १ | इलाम | जिर्मले, सुखानी, दानावारी, श्रीअन्तु र चुलाचुली । |
| २ | झापा | मेचीनगर नगरपालिका वडा नं १३ को सालघारी र वाहुनडाँगी । |
| ३ | मोरङ्ग | जाँते |
| ४ | सुनसरी | चतरा, वराह क्षेत्र, रामधुनी सामुदायिक वन र कोशी वन्यजन्तु आरक्ष । |
| ५ | सप्तरी | पत्थरीदह र आमसो सामुदायिक वन । |
| ६ | सिराहा | विभिन्न वन |
| ७ | उदयपुर | चप्पन, नव उदय, चयन नवज्योति, डुम्रिथुम्का आदेश सामुदायिक वनहरु |
| ८ | धनुषा | गोविन्दपुर स्थित यज्ञभूमि र उमाप्रेमपुर सरकारी वन । |
| ९ | महोत्तरी | सागरनाथ वन विकास परियोजना । |
| १० | सिन्धुली | कल्याणी सिस्नेरी र अरहरि डाँडा सामुदायिक वन । |
| ११ | वारा | निजगढ इलाकाको लाल रे.पो., पसाह रे.पो., तामागढी रे.पो अन्तरगतको सरकारद्वारा व्यवस्थित वन र तामागढी साझेदारी वन । |
| १२ | रौतहट | बन्दी वेतौना, चन्द्रनिगाहपुर, सन्तपुरको वेतना, इलाका वन कार्यालय चोचा, सिम्री रे.पो., मेरा, कछुवा दह र रङ्गपुर । |
| १३ | सर्लाही | ब्रम्हस्थान सामुदायिक वन र सागरनाथ वन विकास परियोजना अन्तरगत मुर्तिया क्षेत्र । |
| १४ | सिन्धुपाल्चोक | बाझे कपासे र बाझ विसौना सामुदायिक वन र पाल्चोकको सरकारद्वारा व्यवस्थित वन । |
| १५ | रसुवा | गुप्तीपाखा, वनदेवी काली र मालागाढी बुवलुङ्ग सामुदायिक वन र मूलखर्क, राम्चे र धैवुङ्गको जिवजिवे पहिरोको अवलोकन । |
| १६ | नवलपरासी | विठौलाको चोमारा, कुडौली, रतनपुर, अघौंली, डण्डा, आरुङ्गखोलाको वन । |
| १७ | रुपन्देहेही | देवदहको चरङ्गे, बुटवल न.पा.को ज्यामिरे, रुद्रपुर, विष्णुपुर र सूर्यपुरको वन । |
| १८ | अर्घाखाँची | सिमलपानीको बिक्रमसोता, पत्थरकोट र ठाडाका सामुदायिक वन र नर्सरी । |
| १९ | कपिलवस्तु | पटना, बाँणगंगा, जवावैराठ, वुट्टी, महेन्द्रकोट, वगरकनपुर पत्थरदेहिया, तिलौराकोट, मोतिपुर र १५ रे.पो क्षेत्रभित्रका आवादी जग्गासँग जोडिएका वन क्षेत्रहरु । |
| २० | बाँके | कोहलपुर वन विकास परियोजना र नयाँ घोषित राष्ट्रिय निकुञ्जको अध्ययन अवलोकन । |
| २१ | बर्दिया | बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार क्षेत्र, तेलपानी बाटो खण्ड, खाता जैविक मार्गमा भएको वन अतिक्रमण क्षेत्र |
| २२ | दाङ | कर्री र महादेवा सामुदायिक वन र गङदी रेञ्जपोष्टको अवलोकन । |
| २३ | सुर्खेत | छिन्चु, लेकपराजुल, वावियाचौर, हरिहरपुर लगायतका वन क्षेत्रमा भएको वन फँडानीको अवलोकन । |
| २४ | कैलाली | वसन्ता जैविक मार्गमा भएको वन अतिक्रमणको स्थिति । |
| २५ | कञ्चनपुर | लालझाडी र ब्रम्हदेव क्षेत्रको चुरेको वन, शुक्लाफाँटा वन्यजन्तु आरक्ष क्षेत्र अन्तरगत ढक्का क्षेत्रको अतिक्रमणको अवलोकन । |
| २६ | डडेल्धुरा | जोगबुढा लगायत वन अतिक्रमण भएका वन क्षेत्रहरु |

# भाग २

# स्थलगत अध्ययनको विवरण

समितिद्वारा गठित वन संरक्षण समस्या अध्ययन उपसमितिले आफ्नो अध्ययनको क्रममा पहाड तराई र भित्री मधेशका गरी २६ जिल्लाका विभिन्न राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, संरक्षित क्षेत्रका विभिन्न स्थानको स्थलगत अध्ययन अवलोकन गरेको थियो । स्थलगत अध्ययनबाट देखिएका उल्लेखनीय बुंदाहरु तल उल्लेख गरी विस्तृत विवरण अनुसूची १० मा दिइएको छ ।

## *२.१ स्थलगत अध्ययनबाट प्राप्त विवरणहरु*

| जिल्ला | विवरण |
|---|---|
| इलाम | (१) पाटापुर गा.वि.स. वडा नं.३ मा पर्ने जिर्मले वनमा २०५२ सालमा सरकारले लगभग ११५ घर परिवार जति सुकुम्वासीको वस्ती वसाली निजहरुलाई जग्गाको अस्थायी लालपुर्जा दिएको र त्यस वखतमा १८० वटा सालका र १० वटा अन्य रुखहरु २५ वर्षसम्म ढलान, कटान वेच-विखन नगर्ने र त्यसपछि सरकार आफैले हटाउने व्यवस्था गरिएको । २५ वर्ष नपुग्दै यस वर्ष आएर सरकारको निर्देशनमा टी.सी.एन. ले ठेकेदार मार्फत साल ३२० र अन्य ७ गरी ३२७ वटा रुखहरु कटान भएको ।<br>(२) श्रीअन्तुको नेपाली भू–भागको छव्वीसे क्षेत्रमा भारतीय पक्षवाट एकै जातको विरुवा रोपी गोडमेल गरेको । |
| झापा | (१) मेचीनगर नगरपालिका वडा नं १३ को सालघारी भन्ने ठाउँको निजी वनमा २२ वटा सालका रुखहरु भएकोमा एउटा पनि नराखी सवै काटिएको ।<br>(२) वाहुनडाँगी, वुधवारे, शान्तिनगर, सतासी, अर्जुनधारा लगायतका स्थानमा जंगली हात्तीले बाली नाली नोक्सानी गरिदिने, घर भत्काइदिने र मानिसलाई मार्नेसम्मको काम गर्दोरहेछ । पानी परेको बेला डुवानबाट बच्न र जेठ असार, कार्तिक र मंसिरमा बाली खान आसामबाट लगभग १५० जतिको जंगली हात्तीको वथान आउने । यिनीहरुले खास मान्छे नमार्ने र दिउसोको समयमा भारतीय वन क्षेत्रमा बस्ने र राति राति सँधै जसो आइरहने गर्दा रहेछन् तर ५/६ वटा रैथाने हात्तीले भने बाली नाली नास गर्ने मात्र होइन, घर भत्काउने र मान्छे मार्ने पनि गर्दारहेछन् । |
| मोरंङ्ग | जाँते सामुदायिक वनको स्वीकृत कार्य योजनामा त्यस वन क्षेत्रको सम्पूर्ण भागमा रहेका रुखहरुमध्येबाट ढलेका, सुकेका आदिवाट छानी काट्नु पर्नेमा एकै ठाउँका राम्रा राम्रा सालका रुखहरु काट्ने काम भएको तथा जाँते र वराथुम्की क्षेत्रको वन अतिक्रमण गरी १० र ३ हेक्टर क्षेत्रफलमा घर टहरा वनाएको । |
| सुनसरी | (१) धरान चतरा क्षेत्रमा आदर्श सामुदायिक वन क्षेत्रको क्षेत्रफल ३०० विगाह रहेकोमा त्यस मध्येको २२ विगाह वन क्षेत्र जानुकादेवी रेग्मी लगायत २३ जना व्यक्तिले आफ्नो भनी दावी गरी सर्वोच्च अदालतमा मुद्दा दायर गरेको र हाल सो मुद्दा विचाराधिन अवस्थामा रहेको ।<br>(२) रामधुनी क्षेत्रमा १० वटा सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण भएको, भू माफियाहरुले वन फँडानी गरी जग्गा हडप्न नपाएकोले सामुदायिक वन जनताको हितमा छैन भनी प्रचार गरेको, जंगलमा पाइने दुर्लभ जनावर सालक, हरिण, पुड्के वदेल लगायतको चोरी शिकारी हुने गरेको ।<br>(३) कोशीटप्पु वन्यजन्तु आरक्षमा बाहिरबाट प्रवेश गरेका घर पालुवा भैंसीहरुले अर्नाको चरन क्षेत्र अतिक्रमण गर्ने गरेको, तिनीहरुको संसर्गबाट अर्नाको वंशानुगत गुणमा ह्रास आएको र जंगली भैंसी र घरपालुवा भैंसीमा फरक देखिन छाडेको । त्यसै गरी विभिन्न जातका चराचुरुङ्गीहरुको चोरी शिकार पनि हुने गरेको । |
| सिन्धुली, धनुषा, सिराहा, सप्तरी र | (१) सिन्धुली, धनुषा, सिरहा, सप्तरी र उदयपुरमा बढी वन फँडानी भएको र त्यस मध्ये पनि धनुषाको चारनाथ खोला र उदयपुरको दमौतीमा अवैधानिक रुपमा नै बन फँडानी भएको ।<br>(२) विशेषगरी सिराहा, सप्तरी र उदयपुरको काठ तस्करी गरी भारत निकासी हुने गरेको । |

| | |
|---|---|
| उदयपुर | (३) सिन्धुलीमा मारुती सिमेन्ट उद्योगलाई चुनढुङगा निकाल्न दिएको संझौता र महोत्तरीको सागरनाथ वन विकास परियोजनासँग भएको संझौतामा स्थानीय बासीको ठुलो गुनासो रहेको । |
| वारा | २०६६ चैत्र ३१ गते आएको हुरी वतासको कारण वारा जिल्लाको राष्ट्रिय वनमा ६०१२ वटा र सामुदायिक वनमा १४४४ वटा गरी जम्मा ७४५६ वटा रुखहरु ढलेका र तिनीहरुबाट प्राप्त हुने काठको परिमाण राष्ट्रिय वनमा ३ लाख १५ हजार क्यू फिट र सामुदायिक वनमा ६७ हजार क्यू फिट अनुमान गरिएको ।<br>द्वन्द्वकालमा नष्ट भएका संरचनाहरु पुन:निर्माण हुन नसकेका ।<br>वनमा तस्करहरुले रुख काटी चोरी निकासी गरिरहेका र कतिपय काठ दाउरा पक्राउ गरिएको । काठ दाउरा पक्राउको सन्दर्भमा साइकल, टायर गाडा र ट्रकहरु समेत बरामद गरेको । यस जिल्लामा वन अतिक्रमण ११८४ हेक्टर रहेको र कतिपय ठाउँमा अतिक्रमणकारीहरुलाई हटाउने प्रयत्न भएको । अतिक्रमणको जटिल समस्या भएकोमध्ये टांगिया बस्ती प्रमुख रुपले रहेको । |
| सर्लाही | (१) वन कार्यालयलाई नै थाहा नहुने गरी सामुदायिक वनमा रुख काट्नकै लागि सामुदायिक वनका केही पदाधिकारी, ठेकेदार र वन कार्यालयका कर्मचारीको मिलेमतोमा सडक निर्माण गरेको । रुख काट्दा राम्रा राम्रा र सीधा खालका सालका रुखहरु कटान गरेको र बाटो निर्माणमा एस्काभेटर प्रयोग भएको ।<br>(२) सागरनाथ वन विकास परियोजना अन्तरगत मुर्तिया क्षेत्रमा ३००० हेक्टर जति वन अतिक्रमण गरी स्थानीय जनताले कृषि बाली लगाइएको । पूर्व तयारी विना सो क्षेत्रबाट अतिक्रमणकारीहरुलाई हटाउने प्रयास गर्दा सुरक्षाकर्मी नै आफ्नो ज्यान जोगाएर फर्किनु परेको । यस घटनापछि सो क्षेत्रमा जनताको सहभागीतामा वन विकास कार्यक्रम लागू गर्ने सोच बनाइएको । |
| रौतहट | यस जिल्लामा काठ दाउरा चोरी निकासी प्रमुख समस्याको रुपमा रहेको । यहाँ वढी मात्रामा साइकल तथा टायर गाडाबाट काँचो काठ दाउरा अटाई नअटाई बोकेर चोरी निकासी गर्ने गरेको । अवलोकनको सन्दर्भमा जुन-जुन वस्तीहरुमा पुग्यौ, त्यहाँ पनि गोलिया काठहरु घरै पिच्छे जस्तो राखेको । खास गरी इँटाभट्टा र स:मिलहरुले टायरगाडा र साइकलको व्यवस्था गरी स्थानीय स:मिलमा र पोथ्रा काठहरु महिलाहरुबाट कटानी र ढुवानी गरी इँटाभट्टासम्म लगेर विक्री गर्ने गरेको ।<br>विभिन्न वन क्षेत्रमा गरी २१५० घर धुरीबाट १४८७.५ हेक्टर वन अतिक्रमण भएको र मकवानपुर, सिन्धुली, रामेछाप आदि ठाउँबाट वसाईं सराई गरी चुरीयाको फेदीमा वसेकाबाट वन क्षेत्र अतिक्रमित भएको । |
| रसुवा | रसुवा जिल्लामा गुप्ती पाखा र वनदेवी काली सामुदायिक वनको स्थलगत अध्ययन गरिएकोमध्ये गुप्ती पाखा सामुदायिक वनमा १०,०४४ क्यूफिट काठ बराबरका सल्लाका रुखहरु कटान गर्न समूहलाई स्वीकृति दिइएको । उपभोक्ता समूहले बुढा, सुकेका, रोग लागेका, टुप्पो भाँचिएका, मर्न लागेका, टुप्पो सुकेका ढलापढा रुखहरु कटान गर्न सहमति मागेको र सोही अवस्थाका रुखहरु कटान गर्न जिल्ला वन कार्यालयवाट सहमति दिएकोमा त्यसको विपरित ठूला ठूला र सोझा रुखहरु मनोमानी ढंगबाट छानी-छानी काटिएको । वन क्षेत्र अत्यन्त भिरालो स्थानमा रहेको र त्यस्तो स्थानबाट रुखहरु कटान गरी माथिबाट लडाउँदा स-साना रुख एवं विरुवाहरु समेतको क्षति हुन पुगेको । |
| सिन्धुपाल्चोक | सिन्धुपाल्चोक जिल्लामा बाझे कपासे, बाझ विसौना सामुदायिक वन र पाल्चोक गा.वि.स वडा नं ९ मा भएको वन फँडानी र सरकारी वन क्षेत्र अतिकमणको सम्वन्धमा स्थलगत अध्ययन गरिएको । स्थलगत अध्ययनको क्रममा कूल वन क्षेत्रमध्ये करिव ४०,००० हेक्टर वन ४७२ बटा सामुदायिक वन उपभोक्ता समूहहरुलाई हस्तान्तरण गरीएकोमा १३ वटा समूहहरुलाई रुख कटानको आदेश दिइएको । स्थलगत अध्ययन गरिएको क्षेत्रमध्ये सवैभन्दा बढी समस्या पाल्चोक गा.वि.स वडा नं ९ मा भएको वन फँडानी र सरकारी वन क्षेत्र अतिकमण नै रहेको ।<br>सिन्धुपाल्चोक जिल्ला पाल्चोक गा.वि.स वडा नं ९ वस्ने नोर्साङ्ग लामाले आफ्नो नाममा हक भोग भई हुर्काइ आएको भनी दावी गरेको ऐ वडामा पर्ने कि.नं. ९८, १२५ र १२६ मा भएको सल्ला जातको रुख कटान गरी काठमाडौसम्म लैजान इजाजत माग गरे वमोजिम जिल्ला वन कार्यालयवाट छोड पूर्जी दिइएकोमा निजले उक्त क्षेत्रका रुख नकाटी कि.नं १०७ को सरकारी वनका |

| | |
|---|---|
| | रुखहरु काटी वन क्षेत्र अतिक्रमण गरेकोले वन ऐन, २०४९ को दफा ६० वमोजिम जिल्ला अदालत सिन्धुपाल्चोक समक्ष जरिवाना र सजाँयको माग दावी गरेर अभियोग पत्र सहित मुद्दा दायर गरेको पाइएको । |
| नवलपरासी | यस जिल्लामा हालसम्म ६७५८.५ हेक्टर वन क्षेत्र अतिक्रमण भएको । त्यसमध्ये कतिपय क्षेत्रहरुको अन्य निकायबाट नापी भै लालपूर्जा दिन बाँकी देखिएको । विभिन्न विद्यालय, गुम्बा, क्याम्पस, मठ, मन्दिर, संग्रहालय, सामुदायिक अस्पताल आदिको निर्माणको लागि तथा सुकुम्बासीको वसोवासको लागि वन क्षेत्र अतिक्रमण गर्ने गरेको ।<br>वन क्षेत्र अतिक्रमण गर्नाको मुख्य कारणमा ग्रामिण भेगबाट शहरतिर आउनु, पहाडबाट तराई झर्ने प्रवृत्ति, वन क्षेत्र अतिक्रमणकारीहरुलाई राजनैतिक संरक्षण हुनु, वन क्षेत्र अतिक्रमण गरी बसोबास गरेका स्थानहरुमा भौतिक संरचना निर्मण गरिदिने प्रवृर्त्तिले पनि वन क्षेत्र अतिक्रमण दिन प्रतिदिन बढ्दै गएको देखियो । |
| रुपन्देही | वन पैदावारको कटानी तथा चोरी निकासी खास गरी सरकारद्वारा व्यवस्थित वनमा हुने गरेको । सामुदायिक वनमा थोरै मात्र चोरी हुने गरेको । सामुदायिक वनहरुले आफ्नो वन जोगाउने र राष्ट्रिय वनबाट आफ्ना आवश्यकता पूरा गर्ने गरेको । |
| पाल्पा | चुरे क्षेत्रको पहिरो संरक्षणका लागि दालचिनी र अम्रिसोको खेती गरिएको र यसले चुरे क्षेत्रको संरक्षण गर्नुका साथै स्थानीयको लागि आम्दानीको राम्रो स्रोत बन्न पुगेको । वन पैदावारको चोरी निकासी कम हुने गरेको । |
| अर्घाखाँची | सिमलपानी गा.वि.स. १ नम्बर वडामा करिब १८१ घर घुरी २०३७ साल पहिलेदेखि वन क्षेत्र अतिक्रमण गरी बसेका र हाल यी स्थानभन्दा केही पर २०५६ सालदेखि ६/७ हेक्टर जग्गा त्यहीका स्थानीय १४/१५ घर घुरीले अतिक्रमण गरी बसेको । सो अतिक्रमित क्षेत्रबाट हालै जिल्ला वन कार्यालयले ५४०० क्यू.फुट काठ र ६ चट्टा दाउरा निकालेको । |
| कपिलवस्तु | चेनाई गा.वि.स.को वन अतिक्रमित क्षेत्रमा बसोबास गरेका ४३ घर परिवारलाई जनता आवास कार्यक्रम अन्तरगत नयाँ पक्की घर बनाइदिन लागेको, उक्त कार्यका लागि सम्बन्धित गा.वि.स. सचिवले ऐलानी जग्गा भनी तिरो लिने गरेको र घर निर्माण सम्बन्धी अन्य सम्पूर्ण कार्यको ठेक्का पनि उक्त गा.वि.स.का सचिवले नै लिने गरेको । |
| बाँके | भगवती सामुदायिक वनले नाङ्गा ठाउँमा वृक्षारोपण गर्ने, हप्तामा तीन पटकसम्म वनको गस्ती गर्ने, तोकिएको परिमाणमा तोकिएकै रुख काट्ने, दलितलाई प्रति परिवार २० सि.एफ.टी. काठ निशुल्क दिने जस्ता काम गरी जिल्लाको नमूना सामुदायिक वन वनेको । |
| कञ्चनपुर | चारैतिर घना जंगलको बीचमा भएकोले देखतभूली-१ को ढक्का गाउँ १०/१२ वर्ष अगाडी आरक्ष विस्तार गर्दा हटाइएकोमा अहिले त्यस ठाउँमा पुनः वसोवास शुरु भएको । शुक्ला फाँटाको जग्गा समस्या समाधान समितिले समस्या समाधान गर्नुको सट्टा झन समस्या थपेको । शुरुमा आरक्ष पीडित २५०० घर घुरी भएकोमा पुराना ६०२ घर धुरी वाहेक अरुलाई क्षतिपूर्ति दिइसकेकोमा अहिले आयोगले २४७३ घर धुरीको लगत कायम गरेको । |
| डडेलधुरा | भौगोलिक दृष्टिकोणले पहाड र भित्री मधेश गरी दुई भागमा बाँसडएको यो जिल्लाको दक्षिणी भेग ( भित्री मधेश) मा साल, असना, कर्मा, खयर आदि जातका रुखहरु पाइन्छन् । पहाडी क्षेत्रमा मुख्य रुपमा खोटे सल्लाको जंगल लगायत गुराँस, काफल, वाँझ, उत्तिस आदिको जंगल रहेको पाइन्छ । सल्लाको वनमा अधिकांश रुखहरु बुढो अवस्थामा रहेका र खोटो निकाल्ने गरेको वनमा वर्षेनी अनियन्त्रित आगलागी हुने गरेकोले हरेक वर्ष निक्कै ठूलो संख्यामा सल्लाका रुखहरु सुक्ने क्रम रहेको पाइयो । खोटे सल्लाको वनमा Regeneration को अवस्था मध्यम खालको रहेको तर सालको वनमा Regeneration को अवस्था भने राम्रो रहेको पाइयो । |

## २.२ स्थलगत अध्ययन गरिएका जिल्लाहरु

स्थलगत अध्ययन गरिएका जिल्लाहरु इलाम, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही, रौतहट, वारा, सिन्धुपाल्चोक, रसुवा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र डडेल्धुरा रहेका थिए । स्थलगत अध्ययनको सिलसिलामा पाल्पाको दोभाने गा.वि.स.को चुरे

क्षेत्रमा गएको पहिरोको संरक्षणका लागि गरिएको प्रयासको समेत स्थलगत अवलोकन गरिएको थियो । स्थलगत अध्ययनको केन्द्रबिन्दु ती जिल्लाहरुमा भएको सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वनमा भएको फँडानी, कटानी र त्यसबाट वन र वातावरणमा पर्ने प्रभाव रहेको थियो ।

## २.३ अपनाइएका वन व्यवस्थापन पद्धतिहरुको विवरण

जिल्लाहरुमा सरकारद्वारा व्यवस्थापन गरिएको वन, संरक्षित क्षेत्र, योजना परियोजना, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, धार्मिक वन र निजी वन गरी विभिन्न वन व्यवस्थापन पद्धतिहरु अवलम्बन गरिएको पाइयो । जसको कूल विवरण देहाय वमोजिम देखिन्छ । स्थलगत अध्ययन गरिएका जिल्लाहरुको भू-उपयोगको स्थिति, वन व्यवस्थापन पद्धति र वन अतिक्रमणको स्थिति क्रमशः अनुसूची-११, अनुसूची-१२ र अनुसूची-१३ मा दिइएको छ ।

| क.स. | वनको किसिम | संख्या | क्षेत्रफल (हेक्टर) | घरधुरी संख्या | लाभान्वित जनसंख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| १ | वन क्षेत्र | | २१४३१५८.१ | | |
| २ | झाडी र वुट्यान | | ९१३५५ | | |
| ३ | सरकारद्वारा व्यवस्थित वन | | १४२८४१७.५६ | | |
| ४ | संरक्षित क्षेत्र/ योजना | | २०५९२७.३१ | | |
| ५ | सामुदायिक वन | ३८८९ | ४९७५९५.८३ | ४८८११३ | २४५००० |
| ६ | साझेदारी वन | १० | १९५७७.३ | | |
| ७ | कवुलियती वन | ३५९ | ६७०८.९४ | | |
| ८ | धार्मिक वन | ३२ | २५६.५२ | | |
| ९ | निजी वन | | १६८३.६८ | | |
| १० | वन अतिक्रमण | | ८२७९५.१३ | | |

स्रोत: वन विभाग

## २.४ स्थलगत अध्ययनको सारांश

सरकारद्वारा व्यवस्थापन गरिएको वनमा खालि संरक्षणको काम मात्र गर्ने गरिएको, वनको सम्बर्धनको नाममा केही ठाउँमा केही संख्यामा वृक्षारोपण गरिएको तर व्यवस्थित सदुपयोगको अभावमा काठ दाउरा चोरी हुने, वनमा डढेलो लाग्ने र वन व्यवस्थापनमा जन सहभागिताको अभाव रहेको पाइयो । काठ दाउरा चोरी निकासी सामुदायिक वनको अनुपातमा सरकारद्वारा व्यवस्थित वनमा अत्यधिक देखियो । साथै वन संरक्षणको लागि वन सुरक्षाकर्मीहरुलाई राशनको व्यवस्था गरी २४ सै घण्टा जिम्मेवारीमा राख्नु पर्नेमा कतिपय ठाउँमा वन सुरक्षाकर्मीहरु धेरैजसो समय आफ्नो कार्य क्षेत्रमा देखिदैनन् । यसबाट खर्च बढी उपलब्धी कम देखिएको छ ।
वन अतिक्रमण पनि सरकारद्वारा व्यवस्थित वनमा नै ज्यादा देखिन्छ । स्थलगत अध्ययन गरिएको जिल्लाहरुमा मात्र ८२७९५ हेक्टर वन अतिक्रमण भएको वन विभागबाट प्राप्त तथ्याङ्कबाट देखिएको छ । सवभन्दा बढी कैलाली जिल्लामा २००७४ हेक्टर र सवभन्दा कम अर्घाखाँची जिल्लामा १६.४६ हेक्टर देखिन्छ ।

सामुदायिक वनमा वन संरक्षणको लागि पालै पालो उपभोक्ताहरुले गश्ती गर्ने, वनको आम्दानीबाट वा रकम उठाएर वा धान मकै उठाएर वन हेरालु राखी वनको रेखदेख गर्ने, डढेलो लागेमा निभाउन जाने गरिएको पाइन्छ । यसले गर्दा कम खर्चमा वनको संरक्षण भएको देखिन्छ । वन सम्बर्धनमा झाडी सफाई गर्ने, रुख एक्ल्याउने, पत्ल्याउने र रुखका हाँगा काँटछाँट गर्ने, वृक्षारोपण गर्ने, जडिबुटी लगायत गैरकाष्ठ वन पैदावार लगाई यसबाट गरिव र विपन्न वर्गका उपभोक्ताको लागि आय आर्जन र रोजगारीका अवसरहरु सृजना गरिएको पनि पाइन्छ ।

वन जंगलमा झाडी सफाई, रुख एक्ल्याउने, पत्ल्याउने र रुखका हाँगा काँटछाँट गर्दा त्यसबाट प्राप्त हुने काठ दाउराले उपभोक्ताको आवश्यकता परिपूर्ति हुने देखिनुको साथै रुख विरुवा हुर्कने बढ्ने अवसर प्रदान गरी डढेलो नियन्त्रणको काम समेत हुने गरेको देखिन्छ । यस्तो वन भारतको संरक्षित वनभन्दा राम्रो र आकर्षक पनि देखिएको छ ।

वन सरकारद्वारा व्यवस्थापन हुँदा वन अतिक्रमण, काठ चोरी निकासी, डढेलोबाट वर्षेनी ठूलो मात्रामा वन क्षति हुने गरेकोमा सामुदायलाई वन हस्तान्तरण गरेपछि सामुदायिक वनमा उक्त कुराहरु धेरै हदसम्म नियन्त्रण भएको देखिन्छ । अर्थात् कम खर्चमा बढी उपलब्धी हासिल भएको देखिन्छ ।

सामुदायिक वन पहाडमा स्थानीय जनताबीच जति लोकप्रिय देखिन्छ, त्यसको ठीक उल्टो तराइमा टाढाको उपभोक्ताहरुको माग अनुसार काठ दाउरा दिन नसकेको र वनमाथि पहुँच पनि नभएको कारण सामुदायिक वनप्रति नकारात्मक धारणा पाइयो । जसको बिकल्पको रुपमा वनको साझेदारी व्यवस्थापन सम्वन्धी निर्देशिका जारी भै सो अनुसार साझेदारी वन जिल्लाहरुमा क्रियाशील भएको देखियो । स्थानीय निकाय लगायतका वहुपक्षीय सरोकारवालाको सहभागितामा वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षणका साथै स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत उपभोक्ताहरुको हक, हित सुरक्षित हुने गरी टाढा तथा नजिकका उपभोक्ताहरुलाई वन व्यवस्थापनदेखि लाभाँश वितरणको प्रक्रियासम्म समावेश गरिने यसको नीति रहेको छ । सरकार, स्थानीय निकाय तथा उपभोक्ताहरुको सहकार्य र साझेदारीमा वहुपक्षीय लाभ प्राप्तीका लागि गरिने दीगो वन व्यवस्थापनको रुपमा यसलाई परिभाषित गरिएको छ ।

# भाग ३
# समस्याको कथन

देशमा वनको संरक्षण, सम्बर्धन र उपयोगको लागि सरकारद्वारा व्यवस्थापन गरेको वन, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, धार्मिक वन र निजी वन गरी छ प्रकारका वन व्यवस्थापन पद्धतिहरु संचालनमा छन् । यसमध्ये सवैभन्दा धेरै क्षेत्र आगटेको र सवैभन्दा ठूलो सञ्जाल भनेको सरकारद्वारा व्यवस्थित वन र त्यसपछि सामुदायिक वन नै हो । राष्ट्रिय वनमा त वन संरक्षण र सम्बर्धनको पाटोमा पहिलेदेखि नै कमजोरी रहेकै थियो । पछिल्ला दिनहरुमा सामुदायिक वनहरुमा पनि समस्याहरु देखिन थालेका छन् । वनको समस्या वन पैदावारको चोरी निकासी मात्र नभएर, वन्यजन्तुको चोरी निकासी, वन क्षेत्र अतिक्रमण गरी घर टहरा बनाउने, वन फँडानी गरेर खेती पाती गर्ने समेत देखिएको छ । वन फँडानीमा राज्यका तर्फबाट वस्ती विकास कम्पनी, पुनर्वास कम्पनी, सुकुम्बासी समस्या समाधान आयोग, मुक्त कमैया पुनर्स्थापना आयोग लगायतका जे जति कम्पनी आयोग, समिति बने, तिनीहरुको मुख्य उद्देश्य भनेकै जंगल फँडानी गरेर बस्ती बसाल्ने रहेको देखियो । यो क्रम अहिले मात्र होइन, आजभन्दा ४०/५० वर्ष अगाडिदेखि हुँदै आएको छ । राष्ट्रिय वनमा कार्य योजनाको अभावमा वन व्यवस्थापन हुन नसकेको र सामुदायिक वनको स्वीकृत कार्य योजना वमोजिम वन व्यवस्थापन हुने गरेको तर अहिले आएर सामुदायिक वनहरु वनको संरक्षण र विकासमाभन्दा काठ बढीभन्दा बढी काटी आम्दानी बढाउने तर्फ लागेको देखियो । सामुदायिक वनमा रुख काट्न सजिलो हुने भएकोले वन कर्मचारीहरु, ठेकेदार र उपभोक्ता समितिका केही टाठा बाठाको मिलेमतोमा काठ काट्नकै लागि समूह बनाएर राष्ट्रिय वन सामुदायिक वनको रुपमा हस्तान्तरण गर्ने विकृत परिपाटी पनि देखियो । वनको संरक्षण, सम्बर्धन र सदुपयोगमा देखिएका समस्याहरु तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

## *सरकारद्वारा व्यवस्थित वन*

### *३.१ वन संरक्षण*

३.१.१ सरकारद्वारा व्यवस्थित वनमा खालि संरक्षणको लक्ष मात्र रहने गरेको, वन सम्बर्धन र सदुपयोगको कार्य नहुने भएकोले काठ दाउरा बढी चोरी हुने, डढेलो बढी लाग्ने र जनसहभागिता पनि नहुने देखिएको ।

३.१.२ राष्ट्रिय वनको काठ सामुदायिक वनमा मिलाएर बेच्ने गरेको र सामुदायिक वनका उपभोक्ताहरुले आफ्नो क्षेत्र भित्रका जंगल नकाट्ने तर अरु समूह वा राष्ट्रिय वन मास्ने गरेको ।

३.१.३ काठ/दाउराको माग र आपूर्ति बीच तालमेल नमिलेको, जहाँ वन जंगल छ, त्यहाँका जनताले काठ दाउरा नपाउने अवस्थाले स्थानीय जनता वन जंगल जोगाउने कार्यमा निरुत्साहित देखिएको ।

३.१.४ मौजुदा जनशक्ति, भौगोलिक विकटता, साधन स्रोत, प्रविधि तथा कार्यक्रमको तुलनामा वन डढेलो वर्षेनी अनियन्त्रित हुँदै गएको । नयाँ कमलो घाँस र वनको खरानी बहेर आई खेतवारीमा जाँदा मलिलो हुन्छ भन्ने सोचाई समेतको कारण डढेलो मानव निर्मित समस्याको रुपमा देखिएको ।

३.१.५ डडेल्धुरामा सल्लाको वनमा अधिकांश रुखहरु बुढो अवस्थामा रहेका र खोटो निकाल्ने गरेको वनमा वर्षेनी अनियन्त्रित आगलागी हुने भएकोले  हरेक वर्ष निक्कै ठूलो संख्यामा सल्लाका रुखहरु सुक्ने क्रम रहेको ।

३.१.६ अतिक्रमित क्षेत्रका घर टहरा वा छाप्रामा लागेको आगो वनमा प्रवेश गरी वनको विरुवा र रुख समेत नोक्सानी हुने गरेको ।

### *३.२ काठ दाउरा चोरी निकासी*

३.२.१ सरकारद्वारा व्यवस्थित वनमा अहोरात्र वन पैदावारको चोरी भइरहने र यसको नियन्त्रण गर्न वन कार्यालयहरुले सकेको नदेखिएको ।

३.२.२ बसाई सराईको बढ्दो चाप र जिविकोपार्जन एवं रोजगारी उपलव्ध नभएकोले रोजीरोटीको लागि पनि वन पैदावार चोरी गरी विक्री गरेर जीवन यापन गर्ने प्रवृत्ति समाजमा वढ्दै गएको ।

३.२.३ वन वरिपरि रहेका स:मिलहरुले साइकलमा विशेष किसिमको रड फिट गरेर स्थानीय व्यक्तिहरुलाई काठ चोर्न पठाउने र चोरीका काठ प्रयोग गर्ने गरेका । त्यसैगरी ईंटा भट्टाहरुले पनि स्थानीय महिलाहरुको प्रयोग गरी पोथ्राहरु चोर्न लगाई चोरीका दाउरा प्रयोग गर्ने गरेका ।

३.२.४ वन पैदावार चोरी निकासीको लागि वन क्षेत्रमा सडक खन्ने गरिएको र यस प्रयोजनको लागि निर्माण गरिएका सडकहरु जहाँ जहाँ साल लगायतका मूल्यवान राम्रा रुखहरु छन्, तिनै क्षेत्र ताकी वन कर्मचारी, उपभोक्ता समूहका टाठा वाठा पदाधिकारी र ठेकेदार मिली रुख काटानी गरी चोरी निकासी गर्ने गरेको ।

३.२.५ सामुदायिक वन कार्य योजना अनुसार उपभोक्ता समूहहरुले निर्णय गरी बुढो, सुकेका, टुप्पो भाँचिएका, रोग लागेका, मर्न लागेका, ढलापडा रुखहरु कटान गर्न सहमति माग्ने गरेको र सोही अनुरुप रुख काट्न जिल्ला वन कार्यालयवाट सहमती दिइएको भएता पनि कटानी हुँदा व्यवहारमा सिधा, राम्रा, सद्दे एवं ठूला ठूला रुखहरु छानी छानी काटिएको । वनको संरक्षण र सम्बर्धनमाभन्दा बढीभन्दा बढी रुख काटी काठ विक्री वितरण गर्ने तर्फ सवै पक्ष र क्षेत्र उत्प्रेरित भएको ।

३.२.६ आफ्नो क्षेत्रमा सामुदायिक र भौतिक पूर्वाधारहरु निर्माणका लागि वनलाई नै आर्थिक स्रोत वनाइएकोले बढी आर्थिक स्रोत जम्मा गर्न पनि यस्तो प्रतिस्पर्धामा वृद्धि भएको र यसमा स्थानीय राजनीतिक दलका केही कार्यकर्ताहरुको पनि संलग्नता देखिएको ।

## ३.३ वन्यजन्तुको संरक्षण

३.३.१ कोशीटप्पु वन्यजन्तु आरक्षमा बाहिरबाट प्रवेश गरेका घर पालुवा भैंसीहरुले अर्नाको चरन क्षेत्र अतिक्रमण गर्ने गरेको ।

३.३.२ घरपालुवा भैंसीहरुको संसर्गबाट अर्नाको वंशानुगत गुणमा ह्रास आएको र जंगली भैंसी र घरपालुवा भैंसीमा फरक देखिन छाडेको ।

३.३.३ कोशी टप्पुका विभिन्न जातका चराचुरुङ्गीहरुको चोरी शिकार हुने गरेको ।

३.३.४ लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जबाट मृग र विश्वकै दुर्लभ रेड पाण्डा तथा सिन्धुपाल्चोकबाट सालकको खपटाका साथै चन्दन, सुनाखरी र रुद्राक्ष जस्ता बहुमूल्य जडीवुटीहरु अवैध रुपमा चोरी निकासी हुने गरेको ।

## ३.४ वन क्षेत्रको संरक्षण (अतिक्रमण र अव्यवस्थित बसोवास)

३.४.१ पहाडी जिल्लाका कतिपय वनमा वन र वातावरणलाई वेवास्ता गरी अनियन्त्रित र अव्यवस्थित रुपमा वन क्षेत्रमा सडकहरु निर्माण गरेको । यसमा स्थानीय राजनीतिक दलका केही कार्यकर्ताहरुको पनि संलग्नता रहेको ।

३.४.२ वन फँडानीमा राज्यका तर्फबाट वस्ती विकास कम्पनी, पुनर्वास कम्पनी, सुकुम्बासी समस्या समाधान आयोग, मुक्त कमैया पुनर्स्थापना आयोग लगायतका जे जति कम्पनी आयोग, समिति बनाएको थियो, त्यसको मुख्य उद्देश्य भनेकै जंगल फँडानी गरेर बस्ती बसाल्ने रहेको । यसरी वसोवास गराइएकामध्ये कतिलाई त हालसम्म पनि जग्गा धनी प्रमाण पूर्जा समेत दिन बाँकी रहेको ।

३.४.३ सरकारी ठोस नीति विना वनको जग्गा सुकुम्बासी, मुक्त कमैया, बाढी पीडित, भूमिहीन आदिलाई जहाँ बसेका छन्, त्यही नै दर्ता गरिदिने र ५०-६० जनाको टोली बनाएर योजनाबद्ध तरिकाले ठेकेदारको मिलेमतोमा काठ काट्नकै लागि घना र वहुमूल्य (साल, अस्ना) भएको ठाउँमा मुक्त कमैयाहरुलाई राति राति जग्गा नापी लालपूर्जा वितरण गरिएको ।

३.४.४ जिल्लाको विभिन्न स्थानमा भएका पुरानो अतिक्रमणका साथै सशस्त्र द्वन्द्वको समय पछि पनि विभिन्न ठाउँमा वन क्षेत्रको जग्गा जोत आवाद गर्ने र घरछाप्रो बनाई बसेकोमा त्यसरी अतिक्रमण गरी बस्नेहरुलाई विभिन्न संघ, संस्था तथा राजनैतिक दलहरुका केही स्थानीय प्रतिनिधिहरुबाट संरक्षण प्राप्त भएकोले उठाउन कठिनाई भएको ।

३.४.५ वन र वन्यजन्तुको महत्व वारे स्थानीय वासिन्दाहरुमा न्यून चेतनाका कारण पनि वन कटानी र फँडानी गरी विभिन्न संरचनाहरु निर्माण गरेको ।

३.४.६ वाढी पीडित, सुकुम्वासी, मुक्त कमैया, हलियाहरुलाई वन क्षेत्रमै राख्ने सर्वपक्षीय सोच र दवाव हुनु । दैवी विपत्तीमा परेका बाढी पीडितलाई जथाभावी वनक्षेत्रमा अस्थायी रुपमा राख्नाले बसिसकेपछि नहटाउन विभिन्न संघ, संस्था तथा राजनैतिक दलका केही स्थानीय प्रतिनिधिहरुको दवाव आउने गरेको ।

३.४.७ वन क्षेत्र अतिक्रमण गरी बसेका बस्तीहरुमा विकासका पूर्वाधारहरु जस्तै खानेपानी, बिजुली बत्ती, टेलिफोन, स्कूल, स्वास्थ्य चौकी बाटो आदि पुऱ्याई दिएको मात्र होइन, जनता आवास कार्यक्रमको नाममा पक्की घर बनाई दिने र यसमा गा.वि.स. सचिवले ऐलानी जग्गा भनी तिरो लिएर घर निर्माणको ठेक्का लिने गरेको (जस्तो कपिलवस्तु जिल्लाको चेनाई गा.वि.स.को वन अतिक्रमित क्षेत्र) ।

३.४.८ व्यापक बसाई सराई, सुकुम्वासी, बाढीपीडित, मुक्त कमैयाहरुको समस्या समाधान गर्ने नाममा तथा मन्दिर, विद्यालय, क्याम्पस बनाउन, खानेपानीको ट्याङ्की बनाउन, बाटो घाटो बनाउन, खेल मैदान निर्माण आदि कामको लागि अरु बिकल्प नहेरी वन क्षेत्र नै ताक्ने प्रवृर्ति रहेका ।

३.४.९ अवैध रुपले वनक्षेत्र अतिक्रमण गरी वसेका क्षेत्रमा विभिन्न गैर सरकारी संघ, संस्थाहरुले स्कूल, वाटो, खानेपानी आदि निर्माण गरी अतिक्रमणमा सघाउ पुऱ्याउने वन अतिक्रमणका मतियारहरुबाट गोष्ठीहरुमा मौसम अनुकूल जंगली जनावरहरु भारतको नेशनल पार्कदेखि चुरेसम्म आवत जावत गर्ने जैविक मार्ग अवरुद्ध भएको भनी विरोध गर्ने गरेको पनि पाइयो ।

३.४.१० अतिक्रमणकारीलाई सुकुम्बासीको नाममा अतिक्रमण गरी बसेको वन क्षेत्रको जग्गा सरकारले दर्ता गरिदिने विगतको क्रियाकलापले अतिक्रमण गरेर बसेपछि जग्गा पाइन्छ भन्ने मानसिकताको विकास भई वन फँडानी र अतिक्रमण गर्न प्रोत्साहन मिलेको ।

३.४.११ बाटोले वनक्षेत्र छुट्टयाएको ठाउँहरुमा वाटो नै वन क्षेत्र भित्र सार्दै अतिक्रमण गर्ने गरेको ।

३.४.१२ सडक बनाउँदा आवादी र जंगलको सीमाको काम गर्ने गरी बनाउन सकिने अवस्थामा पनि जंगल अतिक्रमण गर्ने उद्देश्यले जंगल भित्रबाट सडक लगिएको ।

१.४.१३. एक ठाउँको वन क्षेत्र आवादी वनाई वेच्ने र पुनः अर्को ठाउँमा गएर कथित सुकुम्बासी, मुक्त कमैया, बाढी पीडितको रुपमा वन अतिक्रमण गर्ने भू-माफियाहरुको पेशा नै बनेको ।

३.४.१४ रुखको फेदको वोक्रा वरीपरी ताछी रुख सुकाएर जमिनलाई आवादी वनाउने गरेको, वन र नम्वरी जमिन छुट्याउने निसाना नै गायव गरिदिने गरेकोले कतिपय ठाउँमा आवादी र वन क्षेत्रबीच सिमाङ्कनमा समस्या देखिएको ।

३.४.१५ वन फँडानी एवं चोरी निकासी तथा वन क्षेत्र अतिक्रमण रोक्ने कार्यमा राजनीतिक प्रतिवद्धता, नियमित अनुगमन, नियन्त्रण र समन्वयको अभाव रहेको ।

३.४.१६ वन अपराधी र वन अतिक्रमणकारीहरुलाई कारवाही गर्नबाट जोगाउन पनि विभिन्न संघ, संस्था तथा राजनैतिक दलका केही स्थानीय प्रतिनिधिहरुको दवाव र हस्तक्षेप हुने गरेको ।

३.४.१७ पहुंच पुग्ने व्यक्तिले बैध रुपमा र पहुंच नपुगेकावाट अज्ञानतावस अवैध रुपमा वन पैदावार चोरी गर्ने भएता पनि पहुंचवालाले गर्ने विनास ठूलो मात्रामा देखिएको ।

३.४.१८ गैर मुक्त कमैयालाई मुक्त कमैया हो भनी प्रमाणित गर्ने परिपाटीले मुक्त कमैयाको संख्या वृद्धि हुँदै गएको ।

३.४.१९ वसन्ता कोरीडोरको नाका मानिने लालवुभ्ी गा.वि.स.को चर्रा, शिराधानीमा मुक्त कमैया, वाढी पीडित र अन्य सुकुम्वासीहरुबाट लगभग पूरै अतिक्रमण भई वसन्ता जैविक मार्ग अवरुद्ध हुन लागेको । राजी जातीका मानिसहरुलाई पनि सुर्खेतबाट टिकापुर हुँदै यहाँ ल्याएर बसोवास गराइएको ।

## ३.५ चुरे संरक्षण

३.५.१ चुरेमा अत्यधिक रुख विरुवा काटिनाले र निरन्तर अनियन्त्रित रुपमा बढ्दै गइरहेको मानव वस्तीको कारण चुरेका डाँडाहरु नाङ्गा देखिन थालेका । यसले बाढी पहिरोको कारण तराईको उर्वरा भूमिलाई वगरमा परिणत गरी वस्तीलाई नोक्सानी पुऱ्याई अन्ततोगत्वा तराई मरुभूमिमा परिणत हुने अवस्था देखिएको ।

## ३.६ वन सम्वर्धन

३.६.१ वन नियमावलीमा व्यवस्था भए अनुसार राष्ट्रिय वनको व्यवस्थापनको लागि कार्य योजना बनाएको नपाइएको । जसले गर्दा वनको विकास र सदुपयोग प्राविधिक र कानूनी रुपमा हुन नसकेको ।

३.६.२ तराईका जिल्लाहरुको चक्ला वनमा समय सापेक्ष वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागू नभएको कारण वनबाट बुढा, पुराना, हैसियत खराब भएका र रोटेसन एज पुगेका रुखहरु नहटाउँदा पुनरुत्पादनमा वाधा पर्नुका साथै वनको उत्पादकत्वमा वृद्धि हुन नसकेको ।

३.६.३ कटान गरिएका र फँडानी भएका धेरैजसो वनहरुमा वृक्षारोपण गरेको पाइएन र गरिएको वृक्षारोपणमा पनि विरुवा हुर्के बढेको कमै मात्र पाइएको ।

३.६.४ विगतमा भएका सरकारको त्रुटीपूर्ण नीतिको कारण वहुमूल्य काठहरु काटेर वेच्ने र सो स्थानमा वन विकासको नाममा कमसल खालका मसला र सिसौ जस्ता विरुवा लगाएको (जस्तो सागरनाथ वन) ।

३.६.५ वन क्षेत्र ४०% कायम गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरुपको कार्यक्रम नभएको ।

३.६.६ निजी क्षेत्रमा निजी वन बनाउने, बोट विरुवा रोपण गर्ने कार्यलाई प्रोत्साहन दिने कार्यक्रम नहुनुले पनि राष्ट्रिय वनमा चाप पर्न गै वनको नोक्सानी र फँडानी बढ्न गएको ।

३.६.७ संरक्षित क्षेत्र वाहेक सरकारद्वारा व्यवस्थित वनमा जीवजन्तुको संरक्षण लगायत जैविक विविधताको संरक्षण र विरुवा पुनरुत्पादनको स्थिति सन्तोषजनक नदेखिएको ।

## ३.७ वनको उपयोग

३.७.१ बाँकेमा निकुञ्ज बनाउने भनी प्रस्तावित गरिएको वन पनि सामुदायिक वनको रुपमा हतारमा हस्तान्तरण गरी रुख काट्न स्वीकृति दिइएको । संरक्षित क्षेत्र भएपछि काट्न पाइदैन, अहिल्यै जति सकिन्छ काट्नु पर्छ भन्ने मानसिकताले पनि सो क्षेत्रमा बढी रुख कटान भएको ।

३.७.२ पहाडका सडक सञ्जालको पहुँच नपुगेका ठाउँमा काट्नु पर्ने रुख काट्न नसकी काठ दाउरा खेर गएको छ भने तराई र भित्री मधेशमा वनमाथि अत्यधिक दोहण भएको ।

३.७.३ राजस्व ठगी गर्न गोलियालाई दाउराको चट्टीमा राखी सस्तो मूल्यमा बेच्ने गरेको ।

३.७.४ शहरी उपभोक्ताहरुसँग  पैसा र पहुँच दुवै भएको र माग पनि शहरमै बढी भएकोले कटानी भएका काठमध्ये अधिकांश शहरी उपभोक्ता कहाँ पुग्ने गरेको ।

३.७.५ अहिले काठ बिक्री गर्ने निकायहरुमा टिम्बर कर्पोरेशन अफ नेपाल, जिल्ला वन कार्यालय, वन पैदावार आपूर्ति समिति, सामुदायिक वन र वन पैदावार व्यवसायी महासंघ छन् । काठ बिक्री गर्ने निकायहरु बढी भएर पनि समस्या देखिएको ।

## ३.८ वन प्रशासनका चुनौति

३.८.१ तराइको वन क्षेत्रमा वन तस्करहरु हातहतियार सहित संगठित रुपमा वन प्रवेश गरी ट्रक, ट्याक्टर, टायरगाढा आदिमा वन पैदावार चोरी निकासी गर्ने गरेको तर वन कार्यालयहरुसँग सशस्त्र वन रक्षक र आधुनिक हात हतियारको कमी भएको ।

३.८.२ वन सुरक्षामा खटिएका कर्मचारीहरु ज्यान जोखिममा राखी वन जंगलमा कार्य गर्दा सशस्त्र समूह (वन तस्कर)हरुसँग मुठभेडको कारण ज्यान जाने अवस्था आउने (जस्तो रौतहटमा तस्करको गोली लागी एक जना वन रक्षकको मृत्यु भएको) तर सो वापत कुनै विशेष आर्थिक, भौतिक एवं वीमा सुविधाको व्यवस्था नभएकोले यस्तो जोखिमपूर्ण कार्य गर्न कर्मचारीको मनोवल उच्च राख्न सकिने अवस्था नदेखिएको ।

३.८.३ वन तस्करीमा प्रयोग भै पक्रिएका ट्रकहरु छुटाउन विभिन्न संघ,संस्था तथा राजनीतिक दलका केही स्थानीय कार्यकर्ताहरुले गैरकानूनी दवाव दिई कारवाही अगाडि बढाउन नदिने गरेको ।

३.८.४ तराईमा सशस्त्र भूमिगत संगठनको नाममा वन्द हडताल गर्ने र फिल्ड स्तरमा कार्यरत कर्मचारीमा धम्की र आतङ्कको अवस्था सिर्जना गराउने गरेको ।

३.८.५ वन क्षेत्रबाट अनियमित रुपमा काठका गोलिया लगी गाउँघरमा लुकाई राखेको देखिएकोमा वन कार्यालयबाट छापा मार्न जाँदा गाउँका सवै मिलेर वन कर्मचारी माथि हुल हुज्जत गरी जाई लाग्ने र कहिले कहीं त सुरक्षाकर्मीको ज्यू ज्यानमा नै खतरा आइपर्ने गरेको ।

३.८.६ वन कार्यालय तथा निकुञ्ज र आरक्षहरुमा जनशक्तिको कमी देखिएको ।

३.८.७ वन वरिपरिका गरिव र विपन्न वर्गका वासिन्दाको रोजीरोटीको लागि पनि वन पैदावार चोरी गरी विक्री गरेर जीवन यापन गर्ने प्रवृत्ति समाजमा वढ्दै गएको ।

३.८.८ वन संरक्षणको लागि २४ सै घण्टा खटिनु पर्ने राशन पाएका वन सुरक्षाकर्मीहरु आफ्नो कर्त्तब्य निर्वाहमा नियमित बस्ने गरेको नपाइएको ।

३.८.९ द्वन्दको समयमा ध्वस्त भएका इलाका वन कार्यालय, वन सुरक्षा पोष्ट लगायतका भौतिक संरचनाहरु पुनः निर्माण हुन नसकेको र शान्ति सुरक्षाको स्थिति सहज नभएकोले पनि वन सुरक्षाकर्मीहरु फिल्डमा नबस्ने गरेको ।

३४.८.१० निजामती सेवा ऐन अनुसार रा.प.अनंकित तथा श्रेणी विहीन कर्मचारीलाई घरपायक सरुवा/पदस्थापना गर्न प्राथमिकता दिएता पनि वन संरक्षण कार्यमा घर पायक जिल्लामा लामो समयसम्म स्थानीय कर्मचारीहरुलाई राखी रहँदा स्थानीय व्यक्तिसँग बढी घुलमिल हुने र नातागोता तथा आफन्तसँग बढी सम्पर्कमा रहँदा संरक्षणमुखी कार्यमा नकारात्मक प्रभाव परेको देखिएको ।

३.८.११ राम्रोसँग अध्ययन अनुसन्धान नगरी कानूनी प्रक्रिया नपुऱ्याई मुद्दा दायर गर्दा वन अपराधीहरु अदालती कारवाहीबाट सजिलै उम्कने अवस्था देखिएको ।

३.८.१२ राष्ट्रिय वनको काठ सामुदायिक वनमा मिलाएर बेच्ने गरेको र सामुदायिक वनका उपभोक्ताहरुले आफ्नो क्षेत्र भित्रका जंगल नकाट्ने तर अरु समूह वा राष्ट्रिय वन मास्ने गरेको ।

## ३.९ *कानूनी र नीतिगत समस्या*

३.९.१ वन ऐन,२०४९ र वन नियमावली,२०५१ तथा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को क्षेत्राधिकार एक आपसमा वाझिएको हुँदा वन व्यवस्थापन कार्यमा कठिनाई हुने गरेको ।

३.९.२ वन ऐन,२०४९ को दफा ६५ अनुसार रु. दश हजारसम्म जरिवाना वा एक वर्ष कैद हुने मुद्दा मात्र जिल्ला वन अधिकृतले हेर्ने अधिकार सुम्पिएको । अर्धन्यायिक निकायको रुपमा विशेष अदालत सरह अधिकार भएको जिल्ला वन अधिकृतलाई दिइएको अधिकार अहिलेको अवस्थामा ज्यादै कम भएकोले जिल्ला वन कार्यालयहरु कानूनी रुपमा सशक्त हुन सकेको नदेखिएको ।

३.९.३ जि.व.का. अन्तर्गतका इलाका वन कार्यालयहरुमा राजपत्रांकित अधिकृत प्रमुख रहने व्यवस्था छ । तर इलाका प्रमुखलाई कुनै प्रकारको प्रशासनिक, आर्थिक वा न्यायिक अधिकार प्रदान नगरिएकोले यस प्रकारका सबै कार्य जि.व.का.बाट नै सम्पादन गर्दा कार्यबोझ बढी हुने र इलाका प्रमुख एउटा फिल्ड अफिसर मात्र भै अन्य कुरामा जिम्मेवारी विहीन र उदासिन रहने गरेको अवस्था देखिएको ।

३.९.४ निजामती सेवा ऐन,२०४९(दोस्रो संशोधन) को दफा २४घ. बमोजिम राजपत्रांकित श्रेणीमा बढुवा भएका रेञ्जर लगायतका कर्मचारीले पद अनुसारको जिम्मेवारी नपाउँदा आफ्नो कार्य प्रति उदासिन रहने र संघ-संगठन मार्फत बढी दवाव सृजना हुने अवस्था देखिएको ।

३.९.५ वन जंगललाई बढी क्षति पुऱ्याउने खालका वन पैदावारमा आधारित स:मिल, ईटा भट्टा र क्रसर उद्योगहरु वन क्षेत्र वरिपरि अनियन्त्रित रुपमा दर्ता गरिनु र उद्योग दर्ता गर्दा जिल्ला वन कार्यालयको सहमति नलिनु ।

३.९.६ सामुदायिक वन हस्तान्तरण हुँदा कतिपय समूहलाई नाङ्गा डाँडा, कतिलाई झाडी र बुट्यान दिइएको छ भने कतिपयलाई प्राकृतिक रुपले हुर्के बढेका वहुमूल्यका रुखहरु भएको वन दिइएको छ । अहिले जे, जति विकृति र विसंगति देखिएको छ, प्राकृतिक रुपले हुर्के बढेका मूल्यवान रुखहरु भएको सामुदायिक वन, राष्ट्रिय वन र प्रस्तावित सामुदायिक वनमा देखिएको ।

३.९.७ स्पष्ट भू-उपयोग नीतिको अभाव, भूमिको वर्गीकरण नगरिनु र वनको क्षेत्रफल र नक्सा सहितको जग्गाको लालपूर्जा जिल्ला वन कार्यालयहरुलाई नदिनु पनि वन संरक्षणको लागि समस्या देखिएको ।

## ३.१० *विविध*

३.१०.१ कोशीले बारम्बार धार परिवर्तन गर्दा यस क्षेत्रमा व्यापक मात्रामा कटान हुने गरेको र यसले वन क्षेत्रलाई समेत असर गर्ने गरेको ।

३.१०.२ सार्वजनिक जग्गा व्यवस्थापन र संरक्षणमा स्पष्ट नीति नभएको । अहिलेसम्म सार्वजनिक पर्ति, ऐलानी जग्गाको संरक्षणको लागि कुनै प्रभावकारी कार्य भएको नदेखिएको र यसको अनुगमन पनि भएको नपाइएको । जसको कारण सार्वजनिक, पर्ति र ऐलानी जग्गा कति अतिक्रमण भएको छ, त्यसको तथ्याङ्क पनि नभएको ।

३.१०.३ वाराको पसाहा खोलाको केही भाग मूल धार छोडी राजमार्गदेखि माथिपट्टिबाट वन जंगल भएर बग्ने गरेकोले खोलाले बगाइ ल्याएको वालुवा र गिट्टीले जंगल भित्रको सतह पुरिन गई वनको बहुमूल्य प्रजातिका रुखहरु सुक्ने, पुनरोत्पादन हुन कठिनाई हुने, राजमार्गको पूल, राजमार्ग र वनदेखि दक्षिणको आवादी जग्गालाई समेत क्षति पुऱ्याउने गरेको ।

३.१०.४ ढुङ्गा खानी स्वीकृत गर्दा जि.वि.स.ले चारकिल्ला तोक्दा सो चारकिल्ला भित्र कतिपय ठाउँमा वन क्षेत्र पर्ने गरेको तर जि.वि.स.ले वनको स्वीकृति लिने गरेको नदेखिएको ।

३.१०.५ झापा जिल्लाको वाहुनडाँगी, वुधवारे, शान्तिनगर, सतासी, अर्जुनधारा लगायतका स्थानमा जंगली हात्तीले बाली नाली नोक्सानी गरिदिने, घर भत्काइदिने र मानिसलाई मार्नेसम्मको कार्य गरी वितण्डा मच्चाउने गरेको ।

३.१०.६ जिल्लामा कुनै पनि विषयमा निर्णय लिन सक्ने जिम्मेवारी विहीन सर्वदलीय संरचना बढी शक्तिशाली भएको र त्यसको अनुपातमा कर्मचारीतन्त्र र सुरक्षा संयन्त्र कमजोर र हतोत्साही देखिएकोले यस्तो कमजोर र हतोत्साही संयन्त्रले प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्न सक्ने अवस्था नदेखिएको ।

३.१०.७ इलामको श्रीअन्तुको नेपाली भू–भागको छव्वीसे क्षेत्रमा भारतीय पक्षवाट एकै जातको विरुवा रोपी गोडमेल गरेको ।

३.१०.८ सुन्सरी लगायतका जिल्लाका विभिन्न वन क्षेत्रमा बनाएका पक्की (concret) चिहानको कारण नयाँ विरुवा उम्रन नसकी वनको विकासमा समस्या देखिएको ।

## सामुदायिक वन

### ३.११ वन संरक्षण

३.११.१ भू–माफियाहरुले वन फँडानी गरी जग्गा हडप्न नपाएकोले सामुदायिक वन जनताको हितमा छैन भनी प्रचार गरेको

३.११.२ कतिपय सामुदायिक वनमा पनि मुक्त कमैया, सुकुम्बासी, बाढी पीडित भनिएकाहरुबाट वन क्षेत्र अतिक्रमण गरी छाप्रा बनाई वसोवास गरेको र कृषि वाली लगाएको पाइएको ।

३.११.३ सामुदायिक वनमा कतै खेतीपाती गरिएको, कतै वनको जग्गा नगद पैसा लिई बिक्री वितरण गरिएको र कतै भने वनको जमिन प्लटिङ्ग गरी वरावरी भागवण्डा गरिएको ।

३.११.४ रुख काट्ने काम मात्र गरेको, विरुवा रोपी हुर्काउने काम गरेको नपाइएको ।

३.११.५ वन जंगलबाट रुखहरु कटान गर्दा एउटा रुख काट्दा अर्को रुखमा पार्ने, दोस्रो रुख काट्दा तेस्रो रुखमा पार्ने अनि एवं प्रकारले ढलापडाको नाममा वन नै उजाड पार्ने प्रवृत्ति देखिएको ।

### ३.१२ वन सम्बर्धन

३.१२.१ सामुदायिक वनहरुले वनमा झाडी सुधार गर्ने, रुख एक्ल्याउने र पत्ल्याउने, हाँगा काँटछाँट तथा जडिबुटी लगायत गैर काष्ठ वन पैदावार लगाई गरिव र विपन्न वर्गको लागि आय आर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गरेको पाइएको । तथापि सवै सामुदायिक वनहरुले भने वन संरक्षण र गरिवी निवारणको लागि अनिवार्य गर्नुपर्ने क्रमशः २५% र ३५% रकम खर्च गर्ने गरेको नपाइएको ।

३.१२.२ वनमा झाडी सुधार, रुख एक्ल्याउने र पत्ल्याउने, हाँगा काँटछाँट गर्दा त्यसबाट प्राप्त हुने काठ दाउराले उपभोक्ताको आवश्यकता परिपूर्ति हुने मात्र नभई रुख विरुवा हुर्कने, बढ्ने अवसरमा तीब्रता आई डढेलो नियन्त्रणको काम समेत भएता पनि कतिपय सामुदायिक वनले यी काम गरेको नपाइएको ।

### ३.१३ वनको सदुपयोग

३.१३.१ सामुदायिक वनमा रुख काट्नु पर्दा वार्षिक कटान गर्न सकिने परिमाण उल्लेख भएको हुन्छ । कुन कुन रुख काट्न वा झिक्न उपयुक्त हुन्छ, त्यसको सिफारिस र छपान गर्ने काम वन प्राविधिकको हो । त्यसपछि कतिपय उपभोक्ता समूहहरुले निर्णय गरी बुढो, सुकेका, टुप्पो भाँचिएका, रोग लागेका, मर्न लागेका, ढलापडा रुखहरु कटान गर्न सहमति माग्ने गरेको र सोही अनुरुप रुख काट्न जिल्ला वन कार्यालयवाट सहमती दिइएको हुन्छ । तैपनि सामुदायिक वनमा कटान गर्न सकिने परिमाणभन्दा बढी रुखहरु काटिएका,

रुखहरु काट्दा सीधा, सद्दे, रोटेशन एज नपुगेका ठूल-ठूला र एकै ठाउँमा काटिएको पाइयो । तर वन कार्यालयले यसको सुपरिवेक्षण र अनुगमन गरेको देखिएन । उदाहरणको लागि बाँके जिल्लामा आ.व. ०६७।६७ मा वन हस्तान्तरण गरी रुख काट्न सहमति दिइएको र काटेको परिमाण अनुसूची-१४ मा दिइएको छ ।

३.१३.२ वनको संरक्षण र सम्बर्धनमाभन्दा बढीभन्दा बढी रुख काटी काठ विक्री वितरण गर्ने तर्फ सवै पक्ष र क्षेत्र उत्प्रेरित भएको ।

३.१३.३ आफ्नो क्षेत्रमा सामुदायिक र भौतिक पूर्वाधारहरु निर्माणका लागि वनलाई नै आर्थिक स्रोत वनाइएकोले पनि बढी आर्थिक स्रोत जम्मा गर्न यस्तो प्रतिस्पर्धामा वृद्धि भएको र यसमा स्थानीय राजनीतिक दलका केही कार्यकर्ताहरुको पनि संलग्नता देखिएको ।

३.१३.४ सामुदायिक वनवाट काठ दाउरा वाहिर विक्री गर्दा समूहलाई राजस्वको ठूलो मात्रामा आम्दानी हुने गरेको तर नेपाल सरकारलाई ज्यादै न्यून मात्रामा राजस्व प्राप्त हुने गरेको । यो कुरा स्थलगत अध्ययन गरिएका जिल्लाहरुमा विगत तीन वर्षको वन पैदावारको उपयोगको परिमाण र प्राप्त राजस्वको विवरणबाट स्पष्ट हुन्छ । जुन अनुसूची-१५ मा दिइएको छ ।

३.१३.५ सामुदायिक वनले आफूले उत्पादन गरेको काठ आफ्ना उपभोक्ता, छिमेकका उपभोक्ता कसैलाई पनि नदिई सीधै जिल्ला वाहिरका ठेकेदारहरुलाई काठ विक्री गर्ने गरेको । यसको लागि कतिपय सामुदायिक वनले टेन्डर गरिसकेपछि सूचना निकाल्ने गरेको त कसैले नपढ्ने पत्रिकामा सूचना निकाल्ने गरेको । यसमा सामुदायिक वनका पदाधिकारी, काठ व्यवसायी (ठेकेदार) र वन कर्मचारीको मिलेमतोमा वन कार्ययोजना र कटानी आदेशभन्दा वढी मात्रामा रुखहरु कटानी गरिएको ।

३.१३.६ चार फिटसम्मका गोलिया काठलाई पनि दाउराको चट्टामा राखेर दाउराकै मोलमा विक्री गरी वनबाट हुने आम्दानीमा ठूलो नोक्सानी भई .कर पनि छलिएको ।

३.१३.७ सामुदायिक वनको काठ न्यून मूल्यमा ठेकेदारलाई विक्री गरिएको (जस्तैः सुर्खेतमा सालको काठ प्रति सि.एफ.टी. न्यूनतम रु २५१ र अधिकतम रु २५७ मा ठेकेदारले किन्ने, स्थानीय उपभोक्ताहरुले किन्नु पर्दा प्रति सि.एफ.टी रु.२२०० सम्म तिर्नु पर्ने यसबाट उपभोक्ता समूह र अन्तिम काठको उपभोक्ता दुवै ठगिएको । यसैको परिणाम स्वरुप गत दुई बर्षको काठ कटानीको तुलनामा यस वर्षको काठ कटानी दोव्वर भएको (८०००० सि.एफ.टी बाट १६२००० सि.एफ.टी) काठको मूल्य यति फरक पर्नुमा स-साना झुण्डहरुले वाटो ढुकी काठ ओसार्ने ट्रक रोक्ने रकम असुल्ने पनि कारण रहेको ।

३.१३.८ कतिपय ठाउँमा सामुदायिक वन हस्तान्तरण नहुँदै रुख कटान शुरु गरिएको पाइयो भने कतिपयमा रुख काट्न कै लागि वन हस्तान्तरण भै हस्तान्तरण भएको महीना नबित्दै कटान सुरु गरिएको पाइएको ।

३.१३.९ सामुदायिक वनको आम्दानीले वाटोघाटो निर्माण गर्ने, विद्यालय, स्वास्थ्य चौकी चलाउने जस्ता काम गर्नाले त्यस्ता संरचनाहरुको लागि खर्च जुटाउन पनि वनका रुख बढी काट्ने गरिएको ।

३.१३.१० राष्ट्रिय वनको काठ सामुदायिक र निजी वनको काठमा मिसाएर विक्री गर्ने गरिएको ।

३.१३.११ वन नियमावलीले जेठ मसान्तदेखि असोज मसान्तसम्म चार महीना वनमा प्रवेश गर्न र रुख कटानी गर्न रोक लगाएको हुँदाहुदै निषेधित अवस्थामा पनि रुख कटानी कायमै रहेको ।

## ३.१४ नीतिगत र कानूनी पक्ष

३.१४.१ एउटै घर परिवारका सदस्यहरु दुई वा दुईभन्दा बढी सामुदायिक वनको सदस्य हुन पाउने वा नपाउने ? स्पष्ट नभएको ।

३.१४.२ २०० हेक्टरभन्दा माथिको वन क्षेत्र हस्तान्त्ररण गर्दा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गराउनु पर्ने भएकोले सोबाट वच्न र छिटोभन्दा छिटो वन हस्तान्तरण गर्ने उद्देश्यले २०० हेक्टरभन्दा कम वन क्षेत्र हस्तान्तरण गर्ने गरेको । कति परिवारको लागि कति सामुदायिक वन दिने भन्ने मापदण्ड नभएको । (जस्तोः वाँकेको सिंहवाहिनी सामुदायिक वनमा ३६ घरधुरीलाई १९६ हेक्टर वन हस्तान्तरण गरेको र उक्त समूहले यस वर्ष मात्र २०,००० क्यू फिटभन्दा वढी वहुमूल्य प्रजातिका काठ कटान गरेको ।

## ३.१५ विविध

३.१५.१ धेरैजसो सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा सामान्य लेखपढ गर्न सक्ने व्यक्तिहरु मात्र संलग्न भएकोले उनीहरुमा नीति नियमको जानकारीको अभाव रहेको ।

३.१५.२ अझै पनि कतिपय ठाउँमा सामुदायिक वनको कार्य योजना र विधान वन कर्मचारी र ठेकेदारले बनाइदिने गरेको हुँदा वास्तविक उपभोक्तालाई यस सम्वन्धी जानकारी हुने नगरेको ।

३.१५.३ सामुदायिक वनको लेखापरीक्षण गर्नु पर्ने वन नियममा व्यवस्था भएता पनि धेरै जस्तो सामुदायिक वनहरुले लेखापरीक्षण गराई प्रत्येक वर्ष उपभोक्ताहरुको साधारणसभा बोलाई लेखापरीक्षण प्रतिवेदन पारित गराउने गरेको नदेखिएको र समितिभित्र आर्थिक पारदर्शिता पनि नदेखिएको ।

३.१५.४ इलामको कर्री सामुदायिक वनमा समितिका पदाधिकारीले उपभोक्ताहरुलाई वनको हर हिसाव नदिएको र काठ पनि उपभोक्तालाई नदिई ठेकेदारलाई दिएको कारण वनबाट काटेर घाटगद्दी गरिएको काठ उपभोक्ताहरुले कब्जामा लिई वरावर आपसमा वाँडेर लिएको ।

३.१५.५ उपभोक्ता समूहको पहुँचभन्दा धेरै टाढा र व्यवस्थापन गर्न सक्ने क्षमताभन्दा बढीको वन सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको ।

३.१५.६ एउटै घरका श्रीमान, श्रीमती र छोरालाई तीनवटा सामुदायिक वनमा सदस्य बनाएर तीनवटै सामुदायिक वनबाट सुविधा लिएको । त्यसैगरी एउटै घरका पुरुषहरु एउटा सामुदायिक वनमा र महिलाहरु अर्को सामुदायिक वनमा सदस्य भएको ।

## ३.१६ साझेदारी वन

३..१६.१ साझेदारी वनको व्यवस्था वन ऐन,२०४९ र वन नियमावली,२०५१ मा नभएको ।

३.१६.२ साझेदारी वनमा कूल आम्दानीको २५ प्रतिशत रकम मात्र संरक्षण र सम्बर्धन गर्ने उपभोक्ताले पाउने हुँदा जनतालाई दिइने प्रतिफल र अधिकार कम देखिएको ।

३.१६.३ तराईमा वन जंगल उत्तरतिर भएको, जनसंख्याको ठूलो हिस्सा दक्षिणतर्फ भएको तर सामुदायिक वनले टाढाका उपभोक्तालाई सम्बोधन गर्न नसकेकोले वनमाथिको पहुँच ती दक्षिणतर्फका जनतामा नभएको कारण तराईमा सामुदायिक वनप्रति नकारात्मक धारणा आएको देखिन्छ । तथापि तराईमा पनि पहाडिया मूलका जनता सामुदायिक वन प्रति नै आकर्षित भएको पाइएको ।

स्थलगत अध्ययन टोलीहरुद्वारा पेश हुन आएका सुझावहरुलाई संश्लेषण गरी तयार गरिएका सुझावहरु अनुसुची-१६ मा प्रस्तुत गरिएको छ ।

# भाग ४
# वन संरक्षण र व्यवस्थापनमा देखिएका विसंगतिहरुको विवेचना

वन पैदावार चोरी निकासी, वन फँडानी र अतिक्रमण अत्यन्त जटिल समस्याको रुपमा रहेको छ । यस कार्यमा केही राजनीतिक कार्यकर्ता, उपभोक्ता, वन कर्मचारी जस्ता जिम्वेवार वर्गदेखि जनसाधारण समेत लागेको पाइएको छ । यद्यपि केन्द्रीय स्तरको छलफल, मन्त्रालय तथा विभागहरुको भनाई सुन्दा नेपालमा वन क्षेत्र अत्यन्त व्यवस्थित र वैज्ञानिक ढंगले संचालित एउटा संगठित क्षेत्र जस्तो लाग्दछ तर यथार्थमा स्थलगत रुपमा हेर्दा स्थिति कहालीलाग्दो छ ।

तराई र भित्री मधेशका जिल्लाहरुमा वन जंगलको कटानी वढ्दो छ । सीमित व्यक्तिहरुको प्रत्यक्ष फाइदाको लागि कानूनलाई मनलागी ढंगले व्याख्या गरिएको छ । कटानी वा फँडानीलाई कानून बमोजिम भएको देखाउन यथेष्ट कागज पत्र तयार गरिएका छन् ।

समुदायलाई व्यवस्थापन गर्ने गरी जिम्मामा दिइएका कतिपय सामुदायिक वनहरु मुठ्ठीभर काठका ठेक्केदार, वन कर्मचारी र समितिका केही पदाधिकारीको एक किसिमको घेराभित्र छन् । वन ऐन,२०४९ को दफा २५ ले उपभोक्ताहरुलाई प्रदान गरेको अवसर यस्तै केही कर्मचारी र ठेकेदारको कमाउने आधार वनेको छ । विधान, कार्ययोजनामा भएको व्यवस्था अनुसार वार्षिक कटान गर्ने, आयतन किटान गर्ने काम समूहबाट, सर्व सम्मतिबाट भएका कटान र काठ, दाउरा विक्रीका निर्णयहरु हेर्दा समुदायले व्यवस्थापन गरेका वन अत्यन्त सफल ढङ्गले अगाडि वढेको भान हुन्छ तर प्राकृतिक रुपले आफै हुर्किएको वन समुदायमा हस्तान्तरण गर्ने, हस्तान्तरण गरे पछि तत्कालै कटान आदेश लिई काठ दाउरा, छपान, कटान, मुछान र संकलन गर्ने तथा तोकिएको वार्षिक कटान गर्ने परिमाणभन्दा कैयौ गुणा ठूलो परिमाणमा काठ काट्ने, न्यूनतम मूल्यमा काठ वेच्ने र गोलिया साइजका काठलाई दाउरा वनाई बिकी गर्ने तथ्यहरुले गर्दा सामुदायिक वनको कार्यान्वयन पक्ष र नीतिगत पक्षमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ । साथै यस्तो कार्य व्यापक रुपमा भइ नै रहेको भएता पनि यसको अनुगमन गर्ने, आवश्यकता अनुसार सुधार गर्ने कार्य जिम्मेवार निकायहरुवाट गरिएको पाइएन । बरु कतिपय स्थानमा कर्मचारी नै यस क्रममा मिलेको पाइयो ।  उपभोक्ता समूहको जानकारी र सहमतिमा वन व्यवस्थापन भए पछि सामुदायिक वनको सफलताको सकारात्मक प्रभाव राष्ट्रिय वन संरक्षण र सम्वर्द्धनमा पर्ने अपेक्षा गरिएकोमा यो हुन सकेको देखिएन ।

त्यस्तै क्षेत्रीय वन कार्यालय लगायत वन तथा भू-संरक्षण मन्त्रालय तथा वन विभाग विभिन्न वहानामा अनुगमनको दायित्वबाट पन्छिदै आएको देखियो । विक्री गरिने काठबाट आउने मूल्यमा ठेकेदारले स्थानीय तहमा वन सरोकारवालाहरु, राजनैतिक दलका भातृ संगठनको नाममा केही व्यक्तिहरु, कर्मचारी वा यूवा समूहलाई  उनीहरुको प्रभाव, कार्य र भविष्यमा पार्न सक्ने असरका आधारमा भागवण्डा लगाउने गरेको पाइयो । यसले गर्दा सवै तैं चुप मैं चुपको अवस्थामा रहे । यो भागवण्डाको अवस्था हेर्दा स्थिति कहाली लाग्दो छ । यसबाट कोही अछुतो छैन । स्थानीय प्रशासन, राजनैतिक दलका भातृ संगठनका नाममा केही व्यक्तिहरु, स्थानीय दादा, वन कर्मचारी, उपभोक्ताका टाठा वाठा वर्ग, यी सवै यो दामासाही पाउने वर्ग भित्र पर्दछन् । राज्यको प्रशासन असफल भएको कारण नै यस्तो अराजक स्थिति भएको ज्वलन्त दृष्टान्त हो यो । कुनै ठाउँमा त क्षेत्रीय निर्देशक, जिल्ला वन अधिकृत र रेन्जरसम्मका कर्मचारीहरु आ-आफ्ना नाता-गोता, ज्वाँई जेठान वा खेमा भित्रका व्यक्तिहरुको विशेष रुपमा सरुवा मिलाई मिलेमतोमा काम कारवाही भएको उदाहरण पनि पाइएको छ । नेपालमा न्याय प्रशासन वाहेक कर्मचारी प्रशासन भित्र नाता सम्वन्ध भएको खण्डमा यो गर्नु हुँदैन भन्ने Conflict of interest सम्वन्धी कानून नहुँदा यसो गर्न हुन्थ्यो, हुँदैनथ्यो भन्न सकिएन । व्यक्तिगत नैतिक आचरणको विषयमा कर्मचारी स्वयंले उदाहरण बन्नु पर्ने र उच्चतम आदर्श कायम गर्नु पर्ने हुँदा कस्तो नाता र प्रशासनिक दायित्वलाई कसरी नियमन गनु पर्छ भन्ने कुरा सवैलाई कानूनसँग जोड्न नसकिए पनि यस्ता विषयमा भने मन्त्रालय तथा विभागले थप छानविन गर्नु पर्ने जरुरी देखिएको छ । वन व्यवस्थापन, वन प्रशासन, वन अतिक्रमण इत्यादिमा स्थलगत अध्ययनको क्रममा देखिन आएको केही विसंगतिहरुको यहाँ चर्चा गरिएको छ ।

## *४.१ वन प्रशासन*

स्थलगत अध्ययनको क्रममा भएको अन्तरक्रियाको वेलामा धेरैको मुखबाट सुनियो, वन तथा भू-संरक्षण मन्त्रालयले जिल्ला जिल्लामा वन अधिकृतहरुको सरुवा र पदस्थापना गर्दा अग्रिम रुपमा आर्थिक लाभ लिने गरेको छ । कतिपय स्थानमा त यो अङ्क किटान पनि गरिएको पाइयो । यसो हेर्दा निजामती सेवा नियमावली विपरित दुई वर्ष नपुगी वन अधिकृत तथा रेन्जरको चाँडो चाँडो सरुवा गरेको आधारमा यसमा सत्यता छैन भन्ने अवस्था देखिएन । अन्यथा निजामती सेवा ऐन बमोजिम शपथ खाएर आउने कर्मचारीलाई घटीमा दुई वर्ष एउटा पदस्थापना भएको कार्यालयमा

काम गर्न दिनुपर्छ भन्ने स्पष्ट व्यवस्था हुँदाहुँदै किन ६/६ महीनामा सरुवा गरिन्छ ? एउटा जिल्लामा दुई दुईवटा कार्यालय प्रमुख हुने, कर्मचारीहरु पनि एउटा र अर्को पक्षमा बाँडिने, यो अत्यन्त विचारणीय पक्ष हो । फितलो वन संरक्षण, ठेकेदारसँगको साँठगाँठ, वनको विकासमा प्रतिवद्ध भएर नलाग्ने मनस्थिति कर्मचारी प्रशासन उपर लागेका आरोपहरु हुन् । यसले गर्दा केही प्रतिवद्ध र कर्मठ कर्मचारी पनि निरुत्साहित हुन पुगेका छन् । निजामती सेवा ऐन, राजनैतिक दलहरुको संरक्षण, ट्रेड युनियनको संरक्षण आदिले गर्दा आरोपित र दोषी देखिएका कर्मचारी उपर न त कारवाही गर्न सकिने, न त सरुवा गर्न नै सकिने अवस्था छ । मन्त्रालयले गर्न सक्ने कारवाही भनेको दुई वा तीन महीनासम्म निलम्वन गर्ने मात्र देखियो । प्रशासनिक र प्रवृत्तिगत प्रक्रियाले गर्दा त्यस्तो व्यक्ति पुनः केही समय पछि त्यसै जिल्लामा फर्कने र आफ्नो सिन्डिकेट यथावत संचालन गर्ने गरेको पनि देखियो ।

एउटा उदाहरण हेरौं, कर्मचारी भित्र नेपालका तीन ठूला दलका आ-आफ्ना भातृ संगठनहरु छन् । त्यस्तै मधेशी कर्मचारी समूह पनि रहेको छ । ट्रेड युनियनका पदाधिकारीहरुलाई काम गरे पनि हुने, नगरे पनि हुने र तिनलाई इच्छा विरुद्ध सरुवा पनि गर्न नसकिने अवस्था रहेछ । त्यसको मतलव प्रत्येक निकायमा (विभाग वा क्षेत्र वा जिल्ला) घटिमा १२ जना (एउटा ट्रेड युनियनको ३ जना पदाधिकारीका दरले) रेन्जर वा वन रक्षकलाई काम पनि गर्न नलगाउने र उसले चाहना नगरुन्जेल सरुवा पनि गर्न नमिल्ने देखिन आयो ।

यसरी हेर्दा के देखियो भने कारवाही गऱ्यो दुई तीन महीना पछि उक्त कर्मचारी त्यही स्थानमा फर्कन्छ । कतिपय कर्मचारीलाई त सरुवा गर्न नै सकिदैन । जिल्ला वन अधिकृतहरुलाई ६/६ महीनामा सरुवा गर्दा कहिले कसैको सामान्य प्रशासन मन्त्रालयले सहमति नदिएर पूर्व पदाधिकारी नै पुनः फर्कने, कहिले न्यायालयबाट स्थगनको आदेशद्वारा सरुवा वदर गर्ने जस्ता भद्रगोल कार्य भएका छन् । प्रत्येक जिल्लामा आ-आफ्नै किसिमका कथा छन् । यस्तो लाग्छ, वन प्रशासन जति अव्यवस्थित प्रशासन अर्को छैन । सरुवा गराउन वा सरुवा सहमति रोक्न वा कारवाही प्रक्रिया रोक्न एउटा वन कर्मचारी क्रमशः वन तथा भू-संरक्षण मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका बीचमा चक्कर काटिरहेको देखिन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने वन प्रशासनमा ठूलै सुधार आवश्यक छ, नत्र अव वन संरक्षण संभव देखिंदैन । टोलीसँगको भेटघाटको क्रममा कतिपय इमान्दार कर्मचारीहरुले मुख फोडेर भने हालको यो वन फँडानी कटानी र अतिक्रमणका काण्डले गर्दा वन कर्मचारीको मर्यादामा ठेस लागेको छ । यसको सुधारको लागि भित्रबाट मात्र होइन, वाहिरबाट पनि टेवा पुऱ्याउनु पर्ने देखिन्छ । यसका लागि दूरदर्शी निर्णय र परंपरागत ढाँचालाई तोडेर नयाँ संगठन र नैतिकताको विकास गर्नु जरुरी छ ।

## ४.२ सामुदायिक वन

वि.सं. २०४५ सालमा तयार भएको वन विकास गुरु योजनाले सामुदायिक वनका प्रक्रियालाई तराई र भित्री मधेशभन्दा पनि पहाडी क्षेत्रको लागि उपयुक्त मोडेलको रुपमा प्रस्तुत गरेको थियो । तर २०४९ सालमा ऐन र त्यसपछि २०५१ सालमा वनेको नियमावलीले यसलाई राष्ट्र व्यापी स्वरुप प्रदान गरेको हो । शुरुमा दातृ संस्थाहरुको सहयोगमा केही तराई र भित्री मधेशका जिल्लाहरुमा सामुदायिक वन विकासका कार्यहरु शुरु गरिए । उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत(डेनिडा सहयोग), दाङ, रुपन्देही, नवलपरासी, कपिलवस्तु (वेलायती सहयोग) सिराहा, सप्तरी र उदयपुर (जर्मन सहयोग) मा सामुदायिक वन विकासका कार्य शुरु भए । तराई र भित्री मधेशका २० वटा जिल्लाहरुमा २०६७ असार मसान्तसम्म १,७४,४३१ हेक्टर वन सामुदायिक वनको रुपमा १३५१ वटा उपभोक्ता समूहहरुलाई हस्तान्तरण गरिसकिएको छ । यसबाट २,९१,६५८ घर धुरीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । यसरी हेर्दा सामाजिक विकासमा यो अत्यन्त महत्वपूर्ण फड्को पनि हो । यी मध्ये दुःख गरेर खालि चउर, वुट्यान र पर्ती जग्गालाई हराभरा पारी विकास गर्ने समूह पनि थुप्रै छन् । सामुदायिक वन हस्तान्तरणको प्रक्रियासँगै तराई र भित्री मधेशमा केही समस्या देखिन थालेपछि वन तथा भू-संरक्षण मन्त्रालयले परिमार्जित वन क्षेत्रको नीति,२०५७ ल्यायो । यो नीतीले सर्वप्रथम सामुदायिक वनले तराई र भित्री मधेशमा ल्याएको समस्यालाई सम्बोधन गर्ने र नसमेटिएका उपभोक्ता तथा स्थानीय निकायहरुलाई पनि वन व्यवस्थापनमा सरिक गराउने अभिप्रायले साझेदारी वनको अवधारणा ल्यायो । यस वाहेक चुरे संरक्षणको प्रारभिक खाका, सामुदायिक वन जथाभावी हस्तान्तरण गर्ने कार्यलाई नियमन र नियन्त्रण गर्ने र जनप्रतिनिधि मूलक संस्थाहरु (जि.वि.स. तथा गा.वि.स.) लाई वन संरक्षण र व्यवस्थापनको प्रक्रियामा सामेल गर्ने गरी केही दीर्घकालीन नीतिहरु पनि अगाडि सारियो । तर विडम्वना मुलुकमा राजनैतिक उतार चढाव यसै समयमा बढ्यो । जन प्रतिनिधिमूलक संस्थाहरु निरीह बन्दै गए । यिनमा चुनाव हुन सकेन । फलस्वरुप स्थानीय वन कर्मचारी र स्थानीय काठ ठेकेदारहरुले यो शून्यताबाट फाइदा लिन शुरु गरे । त्यस पछिका वर्ष यस्ता भए कि साल, खयर र अस्ना जस्ता महत्वपूर्ण जंगल भएका वन क्षेत्र समुदायलाई हस्तान्तरण गर्न ठेकेदारको प्रेरणामा कार्य योजना तयारी, स्वीकृति र हस्तान्तरण गर्न शुरु भयो । यतिसम्म भयो कि एउटा सामुदायिक वनको विधान र कार्ययोजना निर्माण स्वीकृति र हस्तान्तरणमा वन कर्मचारीले ठूलो रकम उठाउन

थाले (समितिको पश्चिमाञ्चल टोलीको प्रतिवेदन) । त्यसरी सामुदायिक वन दर्ता गरेर समुदायलाई हस्तान्तरण गरिसकेपछि तुरुन्त ढलापढा र सुखड काठ कटान गर्ने निर्णय समूहले गरी वन कार्यालयमा जानकारी पठाउने र कटान आदेश लिई काठ काट्ने र बिक्री गर्ने कार्य शुरु भयो । सबै कागज वने, निर्णय गरियो तर गुप चुप । यहाँसम्म भयो - दुई जिल्लाका सिमानामा पर्ने वनलाई कसले कटान गर्ने र आदेश दिई बिक्री गर्ने भन्ने कुरामा हानथाप हुदै अन्ततोगत्वा वन काटियो र स्थानीय प्रशासनले हस्तक्षेप गर्नुपर्‍यो (उदयपुर र सप्तरीको गिद्दे डाँडा सामुदायिक वन) । यो विकृतिको चरम नमूना हो र वन कर्मचारीको नैतिकता ह्रासको चरमोत्कर्षको क्षण हो । यो कुरा स्पष्ट रुपमा वाहिर आए पनि मन्त्रालय र विभागले यस्तो गर्ने कर्मचारी उपर कारवाही गर्न सकेन । किनभने प्रथमतः वन प्रशासनको उपल्लो तहमा त्यसो गर्ने नैतिकता र आधार नै बाँकी रहेन, दोस्रो व्यक्तिगत लाभका हिसावले गरिएका यस्ता कार्यको लागि सार्वजनिक रुपले आफू उत्तरदायी हुनुपर्छ भन्ने कुराको हेक्का पनि वन अधिकृतहरुलाई भएन । वन कर्मचारी वन ऐनको दफा २५ ले उपभोक्तालाई प्रदान गरेको स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गर्न पाउने समेतको अधिकारलाई कारणको रुपमा प्रस्तुत गरिदिन्छन् । झट्ट हेर्दा यो हो जस्तो लागे पनि इमान्दारी पूर्वक गर्ने हो भने भइरहेको ऐन र नियमकै परिधिमा रहेर सामुदायिक वन पैदावारको कटान, मुछान, बिक्री वितरण र ओसार पसारमा जिल्ला वन कार्यालयहरुले नियमितता ल्याउन सक्ने धेरै आधार र संरचना छदैछन् । वन प्राविधिकले छपान नगरी रुख कटान हुन सक्दैनन् । समूह वाहिर बिक्री गर्दा कायम भएको काठ दाउराको प्रति एकाइ मूल्यमा कुनै हस्तक्षेप गर्न नसके पनि ठाडो रुख काट्ने, साल खयरबाट मात्र वार्षिक कटानीको कोटा पुर्‍याउने, गोलिया साइजलाई दाउरामा परिणत गर्ने, आज हस्तान्तरण भोलि कटान आदेश दिने, स्वीकृत वार्षिक कटान (Annual Cut) भन्दा वढी कटान मुछान गर्ने, कम नापी गरी व्यक्ति विशेषलाई फाइदा पुर्‍याउने जस्ता कार्यको नियन्त्रण गर्नु वन कार्यालयको दायित्व नै हो र यो दायित्व निर्वाह गर्न कर्मचारीलाई कुनै ऐन नियमले रोक्दैन । यदि यसरी रोकिएको थियो भने वन ऐन,२०४९ लागू भएको अहिले १६ वर्ष पछि (२०५१ सालदेखि मात्र लागू भएको) मात्र यो प्रसंग किन उठ्यो त अहिले ? यसैका आधारमा सामुदायिक वन निर्देशिका वनेर तीन तीन पटक संशोधन पनि भएको छ । विगतमा यी प्रश्न उठाउन वन तथा भू-संरक्षण मन्त्रालयका कर्मचारी किन पछि परे ? यसको प्रष्ट उत्तर हो काठ कटान र विक्री गर्ने जस्ता कार्य सामुदायिक वनको माध्यमले गर्दा वन कर्मचारी आफ्नो जिम्मेवारीबाट पन्छने, समुदायमा सार्दा वेथिति गर्नेहरुलाई पर्दा पछाडिबाट चलखेल गर्न पनि ठूलो मद्दत मिल्ने देखियो । तराई र चुरे क्षेत्रमा साल, खयर जस्ता बहुमूल्य काठ भएका हस्तान्तरित सामुदायिक वन, सामुदायिक वनका केही पदाधिकारीहरु, भ्रष्ट कर्मचारी र काठ ठेकेदारको निमित्त चलखेल गर्ने ठूलो अवसरका रुपमा प्राप्त भए ।

सामान्यतः उभभोक्ताहरुलाई पुगेपछि समूहभन्दा वाहिर विक्री गर्न सकिने, वन पैदावारको मूल्य समूहले आफू खुशी राख्न सक्ने र यस्ता काठ दाउरा ओसार पसार गर्दा समूहको आफ्नो टाँचा हुने जस्ता नीतिगत एवं कानूनी व्यवस्थाको चरम दुरुपयोग भयो । सर्व प्रथम त उपभोक्ताको अवश्यकता नहेरी समूह वाहिर काठ दाउरा विक्री गरियो । यो सामुदायिक वनको अवधारणा विपरित विषय हो । दोस्रो समूहले आफू खुशी मूल्य निर्धारण गर्न सक्ने कानूनी प्रावधानको आडमा वजार मूल्यभन्दा ज्यादै न्यून दरमा काठ दाउरा समूह वाहिर ठेकेदारलाई विक्री गरियो । सुर्खेत जिल्लामा समूह वाहिर विक्री गरिएका सालको मूल्य प्रति क्यू फिट न्यूनतम २५१ रुपैया र अधिकतम २५७ रुपैयाँ मात्र पाइयो । स्मरणीय छ, सालको रोयल्टी २५० रुपैयाँ भएकोले त्योभन्दा कममा विक्री गर्न पाइदैन । सँगैमा टि.सी.एन.को लिलामी सरदर ७०० रुपैयामा भएको देखिन्छ । यसबाट स्पष्ट रुपमा समूहभन्दा वाहिर काठ दाउरा विक्री गर्ने सामुदायिक वनका पदाधिकारीहरुको वदनियत देखिन्छ । तर यसको पृष्ठभूमिमा नदेखिने पात्र धेरै नै भएको कुरा घाम झै छर्लङ्ग छ । यस्ता विषयलाई प्रशासनिक अध्ययनभन्दा पनि गहन रुपमा न्यायिक निकायद्वारा छानविन गरी दोषी व्यक्ति, कर्मचारी, समूह वा समितिलाई मुलुकको भ्रष्टाचार विरोधी कानून अन्तर्गत कडा कारवाही गर्नु पर्छ । यसमा संलग्न जस्तोसुकै व्यक्ति र समूह भए पनि उम्कन पाउनु हुँदैन । यो राष्ट्रिय अपराध हो ।

तेश्रो सामुदायिक वनहरुबाट विक्री गरिने वन पैदावारको आयतनको सम्वन्धमा छ । खयर जातका काठ तौलमा र दाउरा चट्टामा विक्री गरिन्छ । यसको तौल निकाल्नका लागि गोलियाको वीचमा नाप लिइन्छ । त्यो नापो लिने ठाउँमा काटेर प्रत्येक गोलाईमा रहेको खयरको तौल कम देखाइएको छ । यसबाट पनि ठेकेदार, समितिका केही पदाधिकारी र लुकेका व्यक्ति वा समूहले लाभ पाउने तर मुलुक, समुदाय र वन क्षेत्र ठगिने कार्य भएको छ । स्थलगत अध्ययन टोलीले बाँके, सर्लाही लगायत धेरै वटा घाटगद्दीबाट यस्ता कार्यको फोटो लिएर आएको छ ।

त्यस्तै धोद्रो पसेका, मक्केका वाहेक १८ इन्च गोलाई र २४ इन्च लम्वाई भएको टुन-टुक्रालाई दाउरा भन्ने गरी वन नियमावलीले परिभाषा गरेको छ । सामुदायिक वनको कटानमा अर्को चरम दुरुपयोग भएको विषय वस्तु पनि यही हो । सबै गोलियामा उपयुक्त हुने काठलाई दाउरामा परिणत गरिएको र त्यसलाई न्यून मूल्यमा विक्री गरिएको छ । त्यसमाथि दाउरा मानिएका अधिकांश टुन-टुक्राहरु तीन फिट लम्वाईका छन् । पछि सकार गर्ने ठेकेदारले फर्निचर र चौकोसको लागि काठ कै मूल्यमा त्यसलाई विक्री गर्न सक्छन् ।

माथि उल्लेख गरिएका केही सीमित विसंगति मात्र हुन् । कटान आदेश प्राप्त गरेकोभन्दा कैयौ गुणा वढी काठ काट्ने (वाँके), नापी गरिएको भन्दा धेरै परिमाणमा काठ जंगलबाट लैजाने, कम नापी गर्ने, एक जातको काठ विक्री गरी उठाउँदा अर्को अर्को जातको लैजाने, वातावरण प्रभाव अध्ययन गराउन पर्ने हुँदा २०० हेक्टरभन्दा अलिक कम क्षेत्र बनाई वन हस्तान्तरण गर्ने, उपभोक्ताको घर धुरी र वन क्षेत्र बीच कुनै तालमेल नमिलाई हस्तान्तरण गर्ने, काठ काट्ने गेम प्लान निर्माण गरी वन हस्तान्तरण गर्ने गराउने जस्ता अनगिन्ती प्रसंग देखिन तथा सुनिन आएका छन् । यी सवै विषय वस्तुको गहिराईमा पुग्न छोटो अवधिको भ्रमणभन्दा गहिरो अनुसन्धान र वदनियत गर्ने जो कोहीलाई पनि कारवाही गर्न सक्ने वा सिफारिस गर्ने प्रकृतिको आयोगको आवश्यकता स्पष्ट रुपमा देखियो र समितिले यस पूर्व नै यस्तो निर्देशन सरकारलाई दिइ सकेको पनि छ ।

## *४.३ वन अतिक्रमण र अव्यवस्थित वसोवास*

त्यस्तै तराई र भित्री मधेशको अर्को समस्या हो - वन अतिक्रमण र अव्यवस्थित वसोवासको विषय । यो विषय तराई र भित्री मदेशको वन संरक्षणको प्रसंगमा अत्यन्त जटिल देखिन आयो । वन क्षेत्र सरकारको हो र यसलाई जसले सक्छ, त्यसले हडप्नु पर्छ भन्ने भावना एक थरी मान्छेहरुको रहेकै छ । वि.सं. २०२८ साल तिरबाट शुरु भएको झोरा विषयको समस्या अहिले ४० वर्ष वित्दा पनि ज्यूँ का त्यूँ छ । पहिले पूर्वी नेपालमा भएको समस्या अहिले अन्यत्र पनि देखिएको छ, फरक छ भने स्थान मात्र परिवर्तन भएको छ । अहिले यो समस्याले पश्चिम, मध्यपश्चिम र सुदूर पश्चिम विकास क्षेत्रका तराई र भित्री मधेशका जिल्लाहरु आक्रान्त छन् । रुपन्देहीदेखि कञ्चनपुरसम्म झन्डै ८० हजार हेक्टरभन्दा वढी वन क्षेत्र वन अतिक्रमणको चपेटामा परेको वन विभागको तथ्याङ्क छ । यसको स्पष्ट कारण हामी वन अतिक्रमण र सुकुम्वासी समस्या समाधान गर्न चुक्यौं । यसलाई राजनैतिक खिचलो वनाई गरीव जनतालाई अझ समस्याको भूमरीमा पार्ने यत्न गर्दै रह्यौं । भूमिसुधार तथा व्यवस्था मन्त्रालय र स्थानीय राजनीतिक दलका केही व्यक्तिहरुको कारण यो समस्या सुल्झिनुको साटो झन् झन् वल्झिदै गएको छ । अव अहिले आएर यस भित्र मुक्त कमैया, वाढी पीडित, गरीव तथा सुकुम्वासी समेत मिसिन गएर समस्या जटिल बनिसकेको छ ।

तराईमा अव्यवस्थित वसोवास एवं वन जंगल अतिक्रमणलाई थप सघाउने कार्य सरकारको मुक्त कमैया सम्वन्धी निर्णयले पनि गरेको छ । कमैया अमलेख भए तर तिनीहरुको वस्ने ठेगान भएन । स्वाभाविक रुपमा जंगल गएर छाप्रो ठड्याए । सरकारले जो जहाँ वसेको छ, त्यही नापी गरिदिने निर्णय गर्‍यो । फलस्वरुप टाठा वाठाहरु राजमार्ग र आसपासका स्थान तिर लागे । यता सरकारले जग्गा उपलव्ध गराउने थाहा भएपछि जमिनदारहरुले कमैयाको थप लगत तयार गरिदिन थाले । जमिनदारहरुले आफूले व्यहोर्नु नपर्ने भए पछि एकभन्दा वढी कमैया मात्र होइन, गैर मुक्त कमैयालाई पनि मुक्त कमैया भनी प्रमाणित गरिदिए । भूमिसुधार कार्यालयले रातो, निलो गर्दै छुट कमैया कार्ड वितरण गर्दै रह्यो । त्यहाँ रहेका भ्रष्ट मनोवृत्ति भएका केही कर्मचारीहरुले रातारात नापी गरी वन क्षेत्रको कित्ता काट गर्न थाले । फलस्वरुप सामुदायिक वन, वन कर्मचारी र मुक्त कमैयाका वीच द्वन्द्व वढ्यो । नापीका कर्मचारी वन क्षेत्रको जग्गा नापी गरी कित्ता काटिदिन अवसर हेरेर वस्ने, कथित मुक्त कमैयाले त्यो अवसर जुटाइ दिने काम गर्दा कैयौं वर्ष पहिले हस्तान्तरण भएका सामुदायिक वन वा महत्वपूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय जैविक मार्ग समेत मुक्त कमैयाको लागि वितरण भएका छन् (कैलालीको वसन्ता तथा वर्दियाको खाता) । यस क्रममा भूमिसुधार र नापीका कर्मचारीले घना जंगल भएका क्षेत्र नापी गरी वितरण गर्ने कार्य गरे । आफ्नो जिल्लाभित्र भएका सार्वजनिक, पर्ति तथा हदवन्दी माथिका जग्गा वास्तविक मुक्त कमैयालाई दिनुपर्नेमा सो गरिएन । जमिन्दारले थप कमैया प्रमाणित गर्ने प्रक्रिया अझै चल्दै नै छ । यता दश वर्ष पहिले अमलेख भएका मुक्त कमैयाको एक परिवारबाट अहिले सन्तान वढेर तीन, चार वा पाँच पुगिसकेका छन् । एउटा समयमा यो समस्यालाई टुङ्गो नलगाए मुक्त कमैया वसोवासको समस्या थप विकराल हुनेछ । यसै गरी वाढी पीडित र सुकुम्वासीले पनि समस्या थप गर्दै आएका छन् । सरकारले मुक्त कमैयालाई जसरी पनि जग्गा उपलव्ध गराउन गरेको प्रतिवद्धताले बाढी पीडित, तथा कथित सुकुम्वासी, भूमिहीन परिवारलाई पनि हौस्याएको छ र त्यो पटाक्षेप कैलालीको डुडेझारीमा २०६६ साल हिउँदमा गएर भयो । त्यहाँबाट विस्थापित अतिक्रमणकारीहरु अहिले राजमार्ग दक्षिणका कतिपय वन क्षेत्र नै ओगटेर वसेका छन् । नेपाल र भारतका वीच संरक्षणको कडी भएर रहेको वसन्ता जस्तो अन्तर्राष्ट्रिय महत्वको क्षेत्र अतिक्रमण भएको छ र त्यहीं नापी गरी धमाधम मुक्त कमैयालाई जग्गा उपलव्ध गराइदै छ । के नेपाल लगायत अन्तर्राष्ट्रिय क्षेत्रले महत्वपूर्ण जैविक मार्गको रुपमा पहिचान गरेको क्षेत्रलाई संरक्षण गर्नुपर्ने दायित्व सरकारकै अर्को मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पनि होइन ? भूमिसुधार तथा व्यवस्था मन्त्रालयलले नापी गरी दिने, राजनैतिक दलले सहयोग र समर्थन गर्ने र निरीह प्रशासनिक संयन्त्र जस्ता कारणले गर्दा वन, प्रहरी र स्थानीय प्रशासनले सुकुम्वासी समस्यालाई समयमा सम्वोधन गर्न सकेनन् । त्यस्तै मानवीय आधारमा कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरु पनि मुक्त कमैया तथा भूमिहीन सुकुम्वासीहरुलाई सघाउने काम गर्दै आएका छन् । वन

अतिक्रमण र अव्यवस्थित वसोवासको समस्या अहिले अत्यन्त जटिल मोडमा रहेको छ । यसलाई एउटा निकाय वा जिल्ला स्तरीय संस्थाहरुले मात्र सम्वोधन गर्न सक्दैनन् । अब यो राष्ट्रिय समस्या भइसकेको छ । त्यसैले यसलाई त्यहीं रुपमा सम्वोधन पनि गर्न जरुरी छ । वन अतिक्रमणको समस्यालाई एउटा निश्चित समय सीमाभित्र टुङ्गो नलगाए यो समस्या अझ जटिल भएर जाने निश्चित छ ।

## *४.४ वन संरक्षण र व्यवस्थापन*

दीगो वन व्यवस्थापन वन संरक्षणको केन्द्रीय धुरी हो । तराई र भित्री मधेशमा भएका मूल्यवान प्रजातिहरुको दीगो विकास गर्ने र त्यहाँबाट अत्यधिक लाभ लिने, वन क्षेत्रमा हुने जडिवुटी लगायतका अन्य वन पैदावारको व्यवस्थापन र सदुपयोग गर्ने, वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाहरुको उच्चतम उपयोग गर्ने, त्यसको लागि चुरे तथा भावर जस्ता महत्वपूर्ण क्षेत्रको संरक्षण गर्ने जस्ता विषय पनि वन व्यवस्थापन भित्र पर्दछन् । वैज्ञानिक वन व्यवस्थापन गर्ने कुरा वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गतका निकायका प्रकाशनमाभन्दा अन्यत्र देखिदैन । सरकारद्वारा व्यवस्थित वनमा टी.सी.एन. तथा जिल्ला वन पैदावार आपूर्ति समितिले सुखड, ढलापढा मात्र काठ संकलन गरेता पनि सामुदायिक वनहरुमा तिनीहरुको आफ्नो कार्य योजना हुने हुनाले हरियो र खडा रुख पनि काट्ने प्रचलन छ । वार्षिक वृद्धिदरको हिसावले काठ निकाल्दा सामुदायिक वनबाट धोद्रो, वुढो, सुक्न लागेको र Rotation Age पुगको रुख काट्ने गरी कार्य योजना तयार गरिएको भएता पनि व्यवहारमा सग्लो राम्रो साल खयर जातका राम्रा-राम्रा काठ मात्र काटेको पाइयो । समुदायमा पर्याप्त ज्ञान नहुनु र सामुदायिक वनको काठ विक्रीमा ठेकेदारको वर्चस्व रहनाले यो समस्या अत्यन्त गम्भीर भएको हो । तराईको संरक्षित क्षेत्र बाहिरका जंगलमा न जङ्गली जनावर छन् न त वन क्षेत्रमा हुनु पर्ने नैसर्गिक अवस्था नै रहेको छ । त्यसको लागि जिल्ला वन कार्यालयसँग न योजना छ न कार्यक्रम । तिनबाट वार्षिक रुपमा आपूर्ति समिति र टी.सी.एन.ले ढलापढा संकलन गर्नेभन्दा अरु काम हुन सकेको छैन । कहिलेकाहीं देखिने वन्यजन्तु पनि चोरी शिकार हुने गरेका छन् । प्राकृतिक पुनर्स्थापना छैन । राम्रा सग्ला रुखहरु काटिएका छन् । जंगलभरि हजारौंको संख्यामा गाईवस्तु चरिरहेका हुन्छन् । सयौंको संख्यामा घाँस-दाउरा संकलन गर्ने पुरुष महिला तथा गोठाला घुमिरहेका देखिन्छन् । स्थानीय समुदाय वन जंगलमा आश्रित रहेको उदाहरण खोज्न अन्त कतै जानै पर्दैन, हजारौंको संख्यामा राजमार्ग हुँदै तराईका वस्तीका महिला तथा पुरुषहरु विहान जंगल पस्छन् र वेलुका निस्कन्छन् । यस्ता कार्यलाई व्यवस्थापन नगरेसम्म वनको वास्तविक वृद्धि हुन सक्दैन । हजारौं गाई वस्तुको चरनले र खुरले खुँद्ने कार्यले वन क्षेत्रको जमिनको हैसियत विग्रेको छ । यसमा वर्षेनी हुने आगलागीले माटोको बनौट, यसमा रहेको खनिज तत्व पनि नास हुने गरेको छ । अहिलेको वनको अवस्थाले हामीले जलवायु परिवर्तन सम्वन्धी अन्तर्राष्ट्रिय संरचना भित्र प्रवेश गरी वन संरक्षण गरे वापत प्राप्त गर्न सक्ने अनुदान वा बजार मूल्य प्राप्त गर्न सक्दैनौ । अतः यो अत्यन्त गम्भीर र संवेदनशील विषय भएको छ । संसारभरका प्रसिद्ध विश्व विद्यालयहरुबाट उच्च अध्ययनको डिग्री बोकेर बसेका वन प्राविधिक रहेको वन सेवा संचालन गर्ने वन तथा भू-संरक्षण मन्त्रालय मन्त्रालय विगत पाँच दशकदेखि वैज्ञानिक वन व्यवस्थापन गर्ने उद्देश्य राखेको भएता पनि आज पर्यन्त कुनै पनि सार्थक वन व्यवस्थापनको कार्य गर्न सकेको देखिएन । वि.सं. २०३०को मध्यतिरबाट शुरु भएका सागरनाथ वन विकास परियोजना वा त्यसभन्दा पहिलेको वर्दिया विकास आयोजना वा पछिल्लो नेपालगञ्ज वन विकास परियोजनाले जे जस्तो परिकल्पना गरेको भएता पनि कुनै पनि सफल हुन सकेनन् । कुनै पनि डिभिजन वा जिल्ला वन कार्यालयले कहिल्यै पनि साच्चिकैको वन व्यवस्थापन योजना लागू गर्न सकेनन् । राजनीति, चुनाव र कर्मचारीतन्त्रको मारमा वन सधैं नै चेपिएर र टाक्सिएरै रह्यो । यो क्रम हाल पनि यथावत रहेको देखियो । तराई सामुदायिक वन विकास आयोजनाको प्रेरणामा तराईमा व्यक्ति विशेषले गरेको वृक्षारोपण र अन्य केही सार्वजनिक स्थानमा भएका वृक्षारोपण मात्र अहिले तराई क्षेत्रमा आएर देखिने उदाहरण भएका छन् । संभवतः अहिलेको काठ दाउराको खपतको झण्डै एक तृतीयांश यस्तै निजी आवादीका काठ र दाउराले लिएको अनुमान गर्न सकिन्छ । यसो भएता पनि मन्त्रालय र विभागहरुले निजी क्षेत्रको योगदानलाई राम्ररी मूल्याङ्कन भने गर्न सकेको देखिएन । यस परिच्छेदमा चर्चा भएको केही विसंगतिहरु छोटो समयको अध्ययनबाट देखिएका विषय वस्तु मात्र हुन् । यस क्षेत्रको गहनतम अध्ययन गर्दा यिनमा सुधार गर्न सकिने थुप्रै विषय आउन सक्ने अनुमान गर्न सकिन्छ । समितिको अहिलेको निश्कर्ष र सुझाव यस्तै यस्तै विषयलाई सम्वोधन गर्ने अभिप्रायले गरिएको छ ।

त्यस्तै वन कार्यालयले चुरे र भावरको वन क्षेत्रको खोला खोल्सीबाट ढुंगा, गिट्टी र वालुवाको वार्षिक रुपमा ठेक्का लगाउनाले त्यहाँको भू-स्थिति नाजुक भएको छ । पाँगो माटोको वहावले तल्लो क्षेत्रको समथर भागमा नदी उकास भएको र वाढीको समस्या वर्षेनी वढेको छ । पूर्व पश्चिम राजमार्गमा पर्ने अधिकांश पुलहरु पुरिने र वग्ने खतरामा पुगेका छन् ।

विगत केही वर्ष यता चुरे क्षेत्रमा भएको चोरी, आगलागी र ढुङ्गा, गिट्टी संकलनले यसै त कमलो भू-सतह, त्यसमाथि मानवीय चापले झन झन जोखिममा परेको छ । जलवायु परिवर्तनको प्रारम्भिक असरका रुपमा सुख्खा एवं वर्षा दुवै

समय झन् झन् विषम हुँदै गएका छन् । फलस्वरुप चुरे तथा भावर घाँचमा वस्ने वा तल्लो क्षेत्रमा वस्ने मानिसहरुको जीवन झन् झन् जोखिममा पर्दैछ । डढेलोको आवृत्ति (Frequency) र प्रकृति (intensity) मा वृद्धि भएको छ । पानीका मुहान सुक्न थालेका छन् र उव्जाउ जमिन विस्तारै वगरमा परिणत हुँदैछन् । ग्रामिण वासिन्दा विस्तारै शहरोन्मुख स्थानहरुमा आउने क्रम बढ्दा पानी, इन्धन तथा भूमिमा पर्ने चाप वढेको र फलस्वरुप द्वन्द्वको विस्तार भएको पनि देखिन्छ । यस्तो प्रवृत्तिलाई राजनीतिक शक्तिहरुले पनि मल-जल गरिरहेका छन् ।

यी सवै कुराले गर्दा तराई र भित्री मधेशको वन व्यवस्थापन, चुरे र भावरको संरक्षण, ढुङ्गा, गिट्टी संकलन र विक्री वितरण जस्ता क्षेत्रहरु वढी प्रभावित भएका छन् । प्राकृतिक स्रोतको सही व्यवस्थापनको स्थिति खस्कँदो छ । यी समस्यालाई जति सक्दो चाँडो सम्वोधन गर्न जरुरी छ । स्थलगत अध्ययनले के स्पष्ट गरेको छ भने जिम्मेवार संस्था, व्यक्ति तथा संगठनले यी विषय सम्वोधन गर्नुको सट्टा झन् यस्ता कार्यलाई वढावा दिँदै आएका छन् । वन क्षेत्रको समग्र व्यवस्थापन, वातावरणीय ह्रासबाट मानवीय पक्षमा पर्न सक्ने नकारात्मक प्रभावलाई ध्यान दिने कार्य योजना पनि जिल्ला स्तरमा वनेको छैन र त्यो तहको चेतना पनि भएको पाइदैन । दीर्घकालीन सोचाईभन्दा अल्पकालीन फाइदा, तत्काल लाभ दण्डहीनताको स्थितिले गर्दा संगठित एवं असंगठित क्षेत्र अस्तव्यस्त छ । संभवतः राष्ट्रिय राजनीतिमा आउनु पर्ने स्थिरता नै यसको समाधानको एक मात्र उपाय हुन सक्छ । विगत केही समयदेखि चुरे क्षेत्रबाट हुने गरेको ढुङ्गा, गिट्टी संकलन र वन फँडानीको चर्चाले व्यापकता पाएपछि कम्तीमा पनि अहिले यी दुवै विषय सार्वजनिक सरोकारका विषय हुन पुगेका छन् । वन क्षेत्रबाट कम्तीमा आ.व.०६७/६८ मा ढुङ्गा, गिट्टीको ठेक्का नलगाउने कुरा वन तथा भू-संरक्षण मन्त्रालयमा उठेको छ र वन संगठनको सुधार र नीतिगत सुधार पनि हुन शुरु भएको छ ।

# भाग ५
# निश्कर्ष

संसदीय टोलीले स्थलगत अध्ययन गरेर प्रथमतः वन संरक्षण र यसका चुनौतिलाई राष्ट्रिय वहसको विषय बनाएको छ । यो अध्ययन प्रतिवेदनले नेपाल सरकारलाई वन संरक्षणका लागि नीतिगत, संस्थागत तथा कार्यान्वयनको तहमा समेत सुधार गर्ने गरी सुझाव तथा निर्देशनहरु पनि प्रदान गरेको छ । आशा छ, यी सुझावहरुको कार्यान्वयनले वन क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने छ । साथै वन संरक्षणको जिम्मेवारी बोकेको निकाय वन तथा भू-संरक्षण मन्त्रालयले आफूभित्र निहित कमी कमजोरीलाई सुधार गरी समग्र वन क्षेत्रको विकासमा योगदान पुऱ्याउने रणनीति तयार गरी कार्यान्वयन पनि गर्नेछ ।

स्थलगत अध्ययनबाट नेपालको तराई र भित्री मधेशमा रहेको वन अत्यन्त जोखिम अवस्थामा पुगेको देखियो । शान्ति सुरक्षाको विग्रदो अवस्था, द्वन्द्वकालमा क्षति भएका भौतिक संरचना पुनः निर्माण हुन नसक्नु, रिक्त पदहरुको पूर्ति हुन नसक्नु र सवारी साधनको अभावमा वन संरक्षण गर्ने जिम्मेवारी बोकेका जिल्ला वन कार्यालय तथा मातहतका इकाइहरु साधन स्रोत र अत्यावश्यक मनोवलको कमीको कारणले निरीह बन्न पुगेका छन् । केही सीमित व्यक्तिहरु टाठा-वाठा वनका कर्मचारी, केही राजनैतिक क्षेत्रका व्यक्ति, काठका ठेक्केदार र स्थानीय दादाहरुको इच्छा अनुसार तराई र भित्री मधेशको वन प्रशासन चलेको देखियो । साधन र श्रोतको अभावमा वन कार्यालय कमजोर छ । कर्मचारीहरुमा उत्साह, जाँगर र वन संरक्षणको प्रतिवद्धता छैन । आफ्नो दायित्व भित्र पर्ने नियमित टुर गस्ती गर्ने पन्द्र रोजा जस्ता आवधिक प्रतिवेदन तयार गर्ने र बुझाउने आदि कार्य भएको देखिएनन् । कार्यालय प्रमुखदेखि अन्य तहका कर्मचारी सरुवा र थमौतिको चक्करमा लागेको देखियो । लगनशील र प्रतिवद्ध कर्मचारी खोज्दा पनि नपाउने अवस्थामा पुगेको पाइयो । त्यस्तै निजामती सेवा ऐनको दफा २४ (१) घ को प्रावधान अनुसार निश्चित अवधि पूरा गरेपछि स्वतः बढुवा भएका वन कर्मचारीहरुको समस्या छुट्टै रहेको छ । यो प्रावधानले गर्दा उच्च प्रशासकलाई खेल्ने दायरा फराकिलो भएको छ र राम्रो स्थानमा सरुवा नपाउने कर्मचारी कर्त्तव्य विमुख हुँदै गएका छन् । त्यस्तै, टाठा वाठा वन कर्मचारी ट्रेड युनियनको झण्डा समातेर राम्रो आम्दानी हुने स्थानमा वस्ने गरेको जानकारी पनि हुन आयो । रेन्जर तहको एउटा कर्मचारी १७ वर्षसम्म पनि एकै स्थानमा छ भने अन्य कर्मचारी दुई वर्ष भन्दा पनि कम समयमा सरुवा भएका थुप्रै दृष्टान्त भेटिए । सरुवा पनि आफ्ना नजिकका नाता, आफ्नो भनाई मान्ने कर्मचारीलाई संवेदनशील पदहरु दिई अनियमितताको कार्य भएका समेत उदाहरण पाइए । केही स्पष्ट देखिएका विसंगतिको विश्लेषण परिच्छेद ४ मा गरिएको छ भने त्यसका प्रमाण स्वरुप केही मामला अध्ययन अनुसूची-१७ मा छन् ।

कर्मचारीमा इच्छा शक्ति र मनोवलको कमी, स्रोत र साधनको अभाव आदिले गर्दा वन संरक्षण र व्यवस्थापनको काममा प्रत्यक्ष प्रभाव पर्न गएको छ । गस्ती पेट्रोलिङ्ग नियमित नहुनाले जथाभावी चोरी र अतिक्रमण बढेको छ । शुरुमै वन अतिक्रमणलाई वन कार्यालय वा इलाका वा रेन्जपोष्टबाट खोज खवर नगरिंदा यस्तै स्थानमा क्रमशः पछि बढ्दै गएको देखियो । सामुदायिक वनमा आफ्नै उपभोक्ता समूहका सदस्य एवं पदाधिकारीहरुले छाप्रा हालेको दृष्टान्त पनि देखिन आए ।

सबैभन्दा बढी समस्या सरकारद्वारा व्यवस्थापन गरिएका वनमा र त्यसपछि सामुदायिक वन क्षेत्रमा पाइयो । सामुदायिक वनमा कतै तुलनात्मक रुपमा धेरै वन जंगल सानो उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ भने कतै ठूलो चक्ला वन पनि समुदायमा हस्तान्तरण भएको छ । एउटै केन्दीय नीतिलाई जिल्ला जिल्लामा आफ्नो मनखुशी ढंगले व्याख्या गरिएको पाइयो ।

वार्षिक कटानले तोकेको भन्दा बढी परिमाणमा काठ काट्ने, धोद्रा र सुकेका काट्ने शर्त भए पनि हरिया रुख काट्ने, दाउरामा गोलियालाई मिसाउने जस्ता समस्या जताततै देखिए । जिल्ला वन कार्यालयबाट हुनु पर्ने नियमित अनुगमन नहुँदा कतै पनि यस्तो कार्यलाई सुधार गर्ने प्रयत्न गरेको देखिएन । त्यसै गरी समुदायलाई जानकारी नगराई अत्यन्त न्यूनतम मूल्यमा काठको बिक्री गर्ने, नाप लगतमा थोरै जनाउने, गोलियाको रिङ्ग काटी सोही ठाउँमा नापी गरी कम आयतन देखाउने जस्ता कार्य पनि भएका उदाहरण देखिए । प्रमाण स्वरुप केही तस्वीरहरु अनुसूचीमा दिइएका छन् ।

माथि उल्लिखित विविध कारणहरुले गर्दा वन जंगलको हैसियत वढ्नुको साटो दिनानुदिन घट्दो अवस्थामा गयो । यसमा न राज्यले न त समूहले नै फाइदा पाउन सक्यो । जंगलमा हज्जारौ मान्छे प्रवेश गरेका हुन्छन् । चोरी, कटानी, आगलागी, शिकार, कृषि क्षेत्र विस्तार जस्ता कार्य दैनिक भइरहेका छन् । स्थानीय राजनैतिक दलका केही कार्यकर्ताले पनि

यस्ता कार्यलाई प्रोत्साहन नै दिएका छन् । एक दुई स्थानमा स्थानीय प्रशासनले कारवाही शुरु गरे पनि त्यसलाई आपसी हिसाव नमिलेर गरिएको भन्ने गरेको पाइयो । मुक्त कमैयाका नाममा भूमि सुधार कार्यालयले जथाभावी रुपमा वन जंगल नापी गरी बाँडिरहेको छ । यसरी नापी गरी वितरण गरिने जग्गा नेपाल भारत बीच जैविक सम्पर्कको रुपमा रहेका खाता, वसन्ता जस्ता क्षेत्रहरु पनि पर्न गए । यसरी हेर्दा वन क्षेत्र समग्रमा अत्यन्त जटिल र गम्भीर भुङ्ग्रोमा परेको कुरा समितिले अनुभव गरेको छ । यो अध्ययनको आधारमा तत्कालै समितिले नियम विपरित काम गर्ने कर्मचारी, ठेकेदार, सामुदायिक वन वा राजनैतिक कार्यकर्ता जो भए पनि त्यसको अनुसन्धान गरी कारवाही गर्न न्यायिक आयोग गठन गर्न सरकारलाई सुझाव दिएको थियो । ढिला भए पनि सरकारले यो सुझावलाई सकारात्मक रुपमा लिई न्यायिक आयोग गठन गरेको छ । त्यस बाहेक यो प्रतिवेदनले वन क्षेत्रको सुधारका लागि सरकार, वन उपभोक्ता समूह तथा निजी क्षेत्रलाई विभिन्न सुझाव तथा निर्देशनहरु दिएको छ । यी सुझावहरु वन क्षेत्रको सम्पूर्ण रुपमा सुधार गर्नेदेखि लिएर परिवर्तनले ल्याएका अवस्थालाई सम्वोधन गर्ने रणनीतिहरु अवलम्वन गर्नेसम्म रहेका छन् । वन क्षेत्रको दीगो विकास गरी यसबाट प्राप्त प्रत्यक्ष तथा अप्रत्यक्ष लाभमा सम्पूर्ण नेपालीको समान पहुँच पुऱ्याउन र वदलिंदो राजनैतिक परिवेशको सन्दर्भमा राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको उच्चतम योगदान पुऱ्याउन यस प्रतिवेदनमा उल्लेखित सुझाव तथा निर्देशनहरु महत्वपूर्ण हुने देखिन्छन् । समग्रमा यो समितिले मुलुकको समग्र विकासमा वन क्षेत्रको ठूलो योगदान हुन सक्ने भएता पनि वनको उचित व्यवस्थापन अझै हुन नसकेको अनुभव गरेको छ ।

नीतिगत रुपमा सच्चिएर, अन्तर सरकारी समन्वयको माध्यमबाट वन क्षेत्रमा काम गर्ने सम्वन्धित मन्त्रालय एवं विधागत विशेषज्ञहरुले प्रतिवद्ध भई काम गरेको खण्डमा केही समयमा यो समस्या समाधान गर्न सकिने देखिन्छ तर यसका लागि मुलुकको राजनैतिक स्थिरता, व्यवस्थापिका-संसदसँग सहकार्य र राजनैतिक दलहरुको निःशर्त प्रतिवद्धता भने अत्यावश्यक देखिन्छ ।

# भाग ६
# सुझाव तथा निर्देशन

वन क्षेत्रको दीगो व्यवस्थापन, यसबाट प्राप्त हुने योगदानको वास्तविक पहिचान र राज्यले पाउनु पर्ने लाभ प्राप्त गर्न समितिले आफ्नो छलफलको निश्कर्ष स्वरुप तपसिलका सुझाव तथा निर्देशन प्रस्तुत गरेको छ । यस्तै समितिले प्रदान गर्ने सुझाव कार्यान्वयनको स्थिति अनुगमन गर्न सजिलो होस् भन्नाका लागि प्रत्येक सुझाव र निर्देशन कायान्वयन गर्ने प्रमुख देखिएको निकायलाई पहिचान गरी त्यसको अवधि समेत तोकिएको छ । निश्चित समय भित्र यस समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने र त्यसको प्रगति पठाउने दायित्व पनि जिम्मेवारी तोकिएको निकायको हुनेछ । यस समितिबाट प्रदान गरिएका सुझाव तथा निर्देशन कार्यान्वयन भए, नभएको व्यहोरा समितिले पनि आवश्यकता अनुसार अनुगमन गर्नेछ । सजिलोको लागि समितिबाट प्रदान भएका सुझाव तथा निर्देशनहरुलाई १२ वटा विषयगत क्षेत्रहरुमा विभाजन गरी निर्देशन र सुझाव दिने प्रयास गरिएको छ । यी सुझाव र निर्देशनहरु मूलतः तीनवटा स्रोतको उपयोग गरी तयार गरिएको छ । सर्वप्रथम सातवटा संसदीय टोलीले पूर्व झापादेखि पश्चिममा कञ्चनपुरसम्म गई त्यहाँको स्थलगत अध्ययन गरी तयार गरेका सुझावहरु । दास्रो विभिन्न सरोकारवालाहरु रहेको केन्द्रीय स्तरको अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव र सल्लाहबाट र तेस्रो हालसम्म प्राप्त अनुभव, तिनको विश्लेषण र अब वन्ने नयाँ शासकीय स्वरुप र अवस्थाको आकलन गरी तिनको बृहत् विवेचना गरेर यी सुझावहरु प्रस्तुत भएका छन् । यी सुझावशहरु कार्यान्वयन गर्न प्राथमिक दायित्व भएका निकायहरु यहाँ उल्लेख गरिएका छन् । सम्वन्धित सुझाव एवं निर्देशनलाई अन्य सरोकारवाला मन्त्रालय वा विभाग वा अन्य निकायसँग समन्वय गरी सम्पादन गर्नु पर्ने जिम्मेवारी प्राथमिक दायित्व भएको मन्त्रालय वा विभागको हुनेछ । समितिले भविष्यमा गर्ने निर्देशन कार्यान्वयनको अनुगमन यही कार्ययोजनाको आधारमा गर्नेछ । मननीय कुरा के छ भने समितिले सम्वन्धित निकायलाई निर्देशन दिने भनी तोकिएका वाहेक अन्य विषयहरु समितिले महशुस गरेका सुझाव र सल्लाहहरु हुन् ।

| क्र.सं. | सुझाव एवं निर्देशन | कसले गर्ने | कहिले सम्ममा गर्ने |
|---|---|---|---|
| | ***६.१ राजनैतिक प्रतिवद्धता*** | | |
| ६.१.१ | मुलुकको कूल भू-भागको कम्तीमा ४०% क्षेत्र सदा सर्वदा वनले ढाकेको बनाउन उच्च स्तरमा राजनैतिक प्रतिवद्धता हुनु पर्ने । उक्त कुरा अव वन्ने नयाँ संविधानमा पनि उल्लेख हुनु पर्ने । | संविधान सभा, राजनीतिक दलहरु | यथाशिघ्र |
| ६.१.२ | वन क्षेत्रलाई उच्च प्राथमिकताको क्षेत्रमा पहिचान गरी मुलुकमा विद्यमान वन लगायत उपलब्ध अन्य प्राकृतिक श्रोतहरु सुदूर भविष्यका सन्ततिहरुले समेत उपयोग गर्न पाउने गरी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गरी अन्तरसन्ततीय न्याय (Intergenerational Equity) कायम गर्ने तर्फ सबै राजनैतिक दल तथा दलका नेतृत्व तहको प्रतिवद्धता हुनु पर्ने । | राजनीतिक दलहरु | यथाशिघ्र |
| ६.१.३ | विभिन्न शक्तिको आडमा वन क्षेत्रमा हुँदै आएका अतिक्रमण, चोरी निकाशी, चोरी शिकार, वन्यजन्तुको अङ्गहरुको अवैध व्यापार लगायतका कार्यहरुमा देखिएको दण्डहीनताको स्थितिलाई अन्त्य गर्न सबै राजनैतिक दलहरुले सामुहिक प्रतिवद्धता गरी व्यवस्थापिका-संसदबाट संकल्प प्रस्ताव पारित गरिनु पर्ने । | समितिका मा. सदस्यहरुले प्रस्ताव पेश गर्ने । | तीन महीना भित्र |

| | | | |
|---|---|---|---|
| | ***६.२ नीतिगत एवं कानूनी व्यवस्था*** | | |
| ६.२.१ | मुलुकको ४०% भू-भागमा सदा सर्वदा वन रहिरहने सुनिश्चितताको लागि नीतिगत तथा कानूनी व्यवस्था गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष भित्र |
| ६.२.२ | वन ऐन,२०४९ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ लाई मूल्याङ्कन गरी आवश्यक दफाहरु अविलम्व परिमार्जन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना भित्र |
| ६.२.३ | वन ऐन,२०४९ ले पहिचान गरेका वन व्यवस्थापन पद्धतिमध्ये सामुदायिक वन, कवुलियती वन र सरकारद्वारा व्यवस्थित वन वाहेक अन्य वनहरुको नियमावली नभएकोले तिनीहरुको वन व्यवस्थापन पद्धतिको पनि नियमावली निर्माण गरी कार्यान्वयन गर्ने । | " | |
| ६.२.४ | वदलिंदो राज्य व्यवस्थाको पृष्ठभूमिमा मुलुकको भविष्यको वन क्षेत्रको व्यवस्थापनको खाका तुरुन्त तयार गरी सार्वजनिक छलफलमा ल्याउन सम्वन्धित निकायलाई निर्देशन दिने । | " | छ महीना भित्र |
| ६.२.५ | वन, भूमि, स्थानीय स्वायत्त शासन, खानी, जलस्रोत आदि प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्वन्धित ऐन र नियमहरुमा एकरुपता ल्याउन सम्वन्धित मन्त्रालयका प्रतिनिधि रहने गरी एउटा कार्यदल बनाउने र सो कार्यदलको संयोजन कानून तथा न्याय मन्त्रालयले गर्ने र सो टोलीले परस्पर वाझिने ऐन नियमहरुका दफा पहिचान गरी तिनमा संशोधन, समायोजन वा खारेज गरी विभिन्न ऐन नियमहरुलाई परिपूरक वनाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | कानून तथा न्याय मन्त्रालय | छ महीना |
| ६.२.६ | वन ऐन,२०४९ ले जिल्ला वन अधिकृतलाई मुद्दा हेर्ने अधिकारीका रुपमा प्रदान अधिकारलाई वृद्धि गरी रु १००००० (एक लाख) रुपैयाँसम्मको मुद्दा हेर्न सक्ने गरी संशोधन गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना भित्र |
| ६.२.७ | जिल्ला वन एवं राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र कार्यालयले वन पैदावार विक्री गर्ने गरी वन ऐन,२०४९ तथा यस अन्तर्गतका नियमावली एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ र यस अन्तर्गतका नियमावलीहरुमा राखिएका सवै दफाहरु खारेज गरी वन सेवा अन्तर्गतका कर्मचारीलाई व्यवस्थापन (संरक्षण, सम्वर्धन, अनुगमन) र अर्धन्यायिक अधिकार मात्र प्रदान गर्ने गरी ऐन नियमका दफाहरुमा संशोधन गर्ने र वन पैदावार विक्री वितरणको भरपर्दो वैकल्पिक संयन्त्र निर्माण गरी कायान्वयन गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना भित्र |
| ६.२.८ | वन क्षेत्रको जग्गा कुनै पनि अवस्थामा अर्को प्रयोजनको लागि उपलब्ध नगराउने गरी कानूनी व्यवस्था गरिनु पर्ने । वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्ने अवस्थामा वन ऐनमा क्षतिपूर्ति वापत वन क्षेत्र सट्टाभर्ना गर्ने प्रावधान सहितको दफा राखी सोही बमोजिम मात्र गर्न | प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | छ महीना भित्र |

| | | | |
|---|---|---|---|
| | सक्ने व्यवस्था गर्ने । | | |
| ६.२.९ | वदलिंदो राजनैतिक तथा सामाजिक परिस्थितिमा राष्ट्रिय निकुञ्ज लगायतका संरक्षित क्षेत्रहरुको प्रभावकारी संरक्षण र व्यवस्थापनको लागि नेपाल लगायत विश्वका कुनै पनि स्थानमा सफल भएका व्यवस्थापन प्रणालीको अध्ययन र विश्लेषण गरी त्यसका राम्रा पक्षहरुलाई अनुशरण गर्न आवश्यक पहल गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना भित्र |
| ६.२.१० | वन क्षेत्रको जग्गाको सिमाना खुल्ने गरी कित्ता सहितको नक्सा र धनीपूर्जा सम्वन्धित जिल्ला वन कार्यालयको समन्वयमा स्थानीय मालपोत कार्यालयले उपलव्ध गराउने गरी कानूनी व्यवस्था गर्ने र वन क्षेत्र छुट्टिने गरी सीमा स्तम्भ (डिमार्केशन पिलर) को व्यवस्था गर्ने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय | चालु आ.व. बाट शुरु गर्ने । |
| ६.२.११ | राष्ट्रिय भू-उपयोग नीति तथा योजना अविलम्व निर्माण गरी सोही अनुसार वन लगायत अन्य भू-उपयोगलाई व्यवस्थापन गर्ने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | अविलम्व |
| ६.२.१२ | काठ खरिद बिक्रीको लागि विद्यमान व्यवस्थाको सट्टामा वहुपक्षीय सरोकारवालाहरु संलग्न एक प्रभावकारी वेग्लै संयन्त्र बनाउनु पर्छ । सामान्यतः स्थानीय आवश्यकता परिपूर्ति गरेपछि मात्र जिल्ला वाहिर पठाइने व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.२.१३ | वन क्षेत्र र वन सिमानासँग जोडिएको क्षेत्रमा ढुङ्गा खानी वा अन्य खानी वा उद्योग संचालनको स्वीकृति दिंदा जिल्ला विकास समितिहरुले निश्चित मापदण्ड बनाई अनुमति दिने र सो दिनु पूर्व अनिवार्य रुपमा वन विभागको स्वीकृति लिने व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | स्थानीय विकास मन्त्रालय | दुई महीना |
| | ***६.३ वन व्यवस्थापन*** | | |
| ६.३.१ | नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा कुन पद्धतिबाट वनको व्यवस्थापन गर्नु पर्छ, कस्ता वन क्षेत्र कुनै पनि मूल्यमा कायम राख्नु पर्छ भन्ने विषयमा स्पष्ट धारणा सहितको राष्ट्रिय वन नीति बनाउने । यो नीतिलाई प्रत्येक पाँच वर्षमा मात्र पुनरावलोकन गर्न सकिने गरी कानूनी व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय योजना आयोग | अविलम्व |
| ६.३.२ | प्रत्येक पाँच वर्षमा राष्ट्रिय वन स्रोत सर्वेक्षण गर्ने व्यवस्था वन नियमावलीमा गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | चार महीना |
| ६.३.३ | तराई भित्री मधेश र मध्य पहाडका व्यापारिक प्रयोजनको लागि काठ संकलन र विक्री हुन सक्ने जिल्लाहरुको पाँच वर्षे आवधिक कार्ययोजना वनाई स्वीकृत गरेर मात्र वन सम्वन्धी कार्यहरु गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| ६.३.४ | तराई र भित्री मधेश तथा मध्य पहाडी क्षेत्रमा रहेका व्यापारिक प्रयोजनको निमित्त काठ दाउराको संकलन र विक्री गर्दा वनको वार्षिक वृद्धिदर, स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको वार्षिक संकलन गर्न सक्ने परिमाण, प्रजाति इत्यादि खुलाई जिल्ला वन समन्वय समिति भए उक्त समितिबाट र नभए बहुपक्षीय | वन तथा भू-संरक्षण मन्त्रालय | चालु आ.व. देखि |

| | | | |
|---|---|---|---|
| | सरोकारवालाहरु भएको जिल्ला स्तरीय संयन्त्रबाट अनुमोदन गराएर मात्र गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | | |
| ६.३.५ | वन व्यवस्थापनको आवश्यकता अनुरुप संगठनात्मक संरचनाको निर्माण गर्ने र वन क्षेत्रमा आवश्यक पर्ने विशेषज्ञताका विधाहरु पहिचान गरी विधागत दक्ष जनशक्ति तयार गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| ६.३.६ | डढेलो, खोरिया फँडानी तथा चरिचरण नियन्त्रणको रणनीति तथा कार्यनीति तयार गरी कार्यान्वयन गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना |
| ६.३.७ | खालि रहेका निजी, सरकारी, पर्ति, ऐलानी तथा पानीको मुहान, नदी उकास एवं सडक किनारा जस्ता सार्वजनिक जग्गाहरुमा व्यापक रुपमा वृक्षारोपण गर्ने अभियान चलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | चालु आ.व.देखि |
| ६.३.८ | जडिवुटीको प्रवर्धनवाट वन जंगल संरक्षण तथा स्थानीय रुपमा उद्यमशिलता वढन गई जिविकोपार्जनमा समेत सहयोग पुग्ने भएकाले जडिवुटी प्रवर्धन तथा खेती विस्तार गर्ने सम्वन्धमा निजी क्षेत्रलाई समेत समावेश गर्ने गरी व्यवहारिक नीति तथा कार्यक्रम ल्याई कार्वान्वयन गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सडक विभाग । | छ महीना |
| ६.३.९ | वन कर्मचारी र सामुदायिक वनका प्रतिनिधिहरुको संयुक्त अनुगमन समितिबाट सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वनको संरक्षणको स्थिति अध्ययनको लागि समय समयमा स्थलगत अवलोकन गर्ने गराउने । | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना |
| | ***६.४ सामुदायिक वन*** | | |
| ६.४.१ | पहाडमा सामुदायिक वन तुलनात्मक रुपमा सफल भएको तर तराई र भित्री मधेशका सामुदायिक वनमा वन कर्मचारी, ठेकेदार र उपभोक्ता समितिका केही टाठा वाठा व्यक्तिहरुको मिलेमतोको कारण विकृति आएको देखिएकोले हिमाल, पहाड र तराईको वन व्यवस्थापनको लागि अलग अलग मापदण्ड र व्यवस्थापन पद्धति अपनाउनु पर्ने र यसको लागि वन ऐन र नियममा आवश्यक संशोधन गरिनु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.४.२ | उपभोक्ता समूहलाई राष्ट्रिय वन हस्तान्तरण गर्दा के कति क्षेत्र एउटा समूहलाई हस्तान्तरण गर्ने भन्ने सम्वन्धमा वा त्यहाँको वन पैदावार विक्रीको मूल्य कायम गर्दा वजार मूल्यलाई समेत ध्यानमा राखी एउटा निश्चित मापदण्ड कायम गरेर मात्र गर्ने । यसरी मापदण्ड निर्माण गर्दा वन क्षेत्रको उपलव्धता, सामुदायिक वनवाट लाभान्वित हुने घर धुरी तथा वजारको माग र आपूर्तिको स्थिति आदिको विश्लेषण गरेर गर्नु पर्ने । मापदण्ड निर्धारण गर्दा एक परिवार एक भन्दा वढी समूहमा सदस्य हुन नपाउने र मापदण्ड विपरित भए गरेका कार्यलाई नियन्त्रण गरी मापदण्ड भित्र पार्ने व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | तत्काल शुरु गरी क्रमशः गर्दै जाने । |
| ६.४.३ | सामुदायिक वनमा उत्पादित काठ दाउरा कटानी, ढुवानी र बिक्री वितरणको लागि प्रत्येक जिल्लामा जिल्लाभरिका सामुदायिक वन उपभोक्ता समूहहरुको प्रतिनिधित्व रहेको | वन तथा भू-संरक्षण मन्त्रालय र कृषि तथा सहकारी | छ महीना |

| | | | |
|---|---|---|---|
| | सहकारी संस्था निर्माण गर्ने र समूह स्वयंले आफ्ना उपभोक्तालाई वाहेक वजारमा सोभै काठ दाउरा बिक्री वितरण नगरी खुल्ला र पारदर्शि प्रक्रिया अपनाई यही सहकारी मार्फत गर्ने गराउने व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | मन्त्रालय | |
| ६.४.४ | वन उपभोक्ता समूहको प्रतिनिधित्व भएको सहकारी संस्थाले जिल्लाका विभिन्न ठाउँमा डिपोको व्यवस्था गरी जिल्ला भित्रको लागि काठ दाउराको विक्री वितरण गर्ने व्यस्था मिलाउने । | वन तथा भू-संरक्षण मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय | छ महीना |
| ६.४.५ | सामुदायिक वन हस्तान्तरण भएका वखत रहेका रुखहरु निश्चित अवधिभन्दा पहिले काट्न नपाइने । सो काट्न पर्ने अवस्था परेको खण्डमा विशेष निर्णय गरेर मात्र काट्न पाउने गरी कानूनी प्रवन्ध गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.४.६ | सामुदायिक वनको आफ्नो आम्दानीको कम्तीमा ५०% रकम वनको संरक्षण, सम्वर्द्धन र उपभोक्ताको क्षमता अभिवृद्धिमा खर्च गर्ने । कतिपय सामुदायिक वनहरुले वनबाट प्राप्त आम्दानीलाई स्थानीय भौतिक पूर्वाधार र सामाजिक विकासको कार्यमा खर्च गर्ने गरेकोमा त्यस्ता कार्यहरु क्रमशः राज्यको तर्फबाट नै गर्दै जाने व्यवस्था गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.४.७ | तराई र भित्री मधेशमा भएका पर्ति, ऐलानी जग्गाहरु र नदीको तटबन्धबाट उकास भएका जमिनहरुमा वृक्षारोपण गरी वनको विकास गरी स्थानीय आवश्यकता पूरा गर्न त्यस्ता जग्गाहरु सामुदायिक वा साभेदारी वनको रुपमा हस्तान्तरण गरिनु पर्ने । यसको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयले जग्गाको क्षेत्रफल र चार किल्ला तोकी जिल्ला वन कार्यालयलाई विशेष पूर्जा प्रदान गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय | छ महीना |
| ६.४.८ | प्रत्येक सामुदायिक वनले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महीनाभित्र लेखापरीक्षण गराई सक्नु पर्ने र पौष मसान्तभित्रमा समूहको साधारण सभा वोलाई समूहको कार्यप्रगति, योजना र कार्यक्रम एवं लेखापरीक्षण प्रतिवेदन पारित गराउने व्यवस्था अनिवार्य रुपले गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना |
| | ***६.५ सरकारद्वारा व्यवस्थित वन*** | | |
| ६.५.१ | सबै जिल्ला वन कार्यालयहरुले सरकारद्वारा व्यवस्थित वनका लागि वन व्यवस्थापन कार्ययोजना निर्माण गरी स्वीकृत गराई लागू गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | २०६८ असार मसान्त |
| ६.५.२ | सरकारद्वारा व्यवस्थित वनभित्र रहेका निश्चित गोलाईभन्दा माथिका सवै किसिमका रुखको तेरिज तयार गरी रेन्ज पोष्ट तहमा प्रमाणित गरी राख्नु पर्ने । यसका लगि वन मापनको क्षेत्रमा उपलव्ध नयाँ प्रविधिको उपयोग गर्नु पर्ने भए सो समेत गर्ने व्यवस्था मिलाउने । | वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| ६.५.३ | सरकारद्वारा व्यवस्थित वनको कुनै पनि भाग कुनै पनि समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा हस्तान्तरण | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |

| | | | |
|---|---|---|---|
| | गर्नु पर्दा राष्ट्रिय वन नीतिका आधारमा तयार भएका मापदण्डका आधारमा रहेर जिल्ला वन समन्वय समिति वा सो नभएका जिल्लाहरुमा यस्तै किसिमको जिल्ला स्तरीय संयन्त्रबाट विधान तथा कार्ययोजना अनुमोदन गराएर मात्र जिल्ला वन अधिकृतले हस्तान्तरण गर्न सक्ने गरी कानूनी व्यवस्था गर्ने । | | |
| ६.५.४ | सरकारद्वारा व्यवस्थित वनका उद्देश्य, कार्य पद्धति एवं अपेक्षित नतिजा स्पष्ट खुलाई कार्य योजनामा उल्लेख गर्ने र यसरी गरिने वन व्यवस्थापन वन प्राविधिकहरुले गर्ने हुँदा यसलाई नमूना वन व्यवस्थापन प्रक्रियाका रुपमा समाजका सामु प्रस्तुत गर्न वन विभाग उद्यत हुनु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| | ***६.६ वन प्रशासन*** | | |
| ६.६.१ | परिवर्तनले ल्याएको आवश्यकता, औचित्य तथा कामको चापको आधारमा वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयहरु (जिल्ला वन, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रहरु) लगायतको संगठनात्मक संरचनामा समय सापेक्ष सुधार गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | एक वर्ष |
| ६.६.२ | वन प्रशासनलाई विज्ञान, प्रविधि तथा व्यवस्थापकीय दक्षताको केन्द्रविन्दु बनाउन संगठनात्मक सुधार गर्ने क्रममा विधागत विविधता एवं दक्षता झल्किने गरी वन संगठनमा सुधार गर्नु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | एक वर्ष |
| ६.६.३ | वन सेवालाई विशिष्टीकरण गर्ने गरी वन सेवा नियमावली तयार गरी अविलम्व लागू गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.६.४ | तोकिएका दुर्गम पहाडी क्षेत्रमा वाहेक सामान्यतया राशन पाउने वन कर्मचारीहरुलाई घर पायकको जिल्लामा पोष्टिङ्ग नगर्ने र उनीहरुलाई २४ सै घण्टा वन सुरक्षा पोष्टमा बस्न सक्ने गरी आवश्यक भौतिक पूर्वाधारको व्यवस्था अनिवार्य रुपमा गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, अर्थ मन्त्रालय | एक वर्ष |
| ६.६.५ | वन सेवा अन्तर्गतका कर्मचारीलाई कार्य दक्षता, आवश्यकता आदिको आधारमा सेवा संचालन गर्ने मन्त्रालयले उपयुक्त स्थानमा सरुवा गर्न वा पदस्थापन गर्न ट्रेड युनियन लगायत अन्य कुनै ऐन नियमले वाधा नपुऱ्याउने गरी विषेश व्यवस्था गर्ने । वन सेवा विशेष सेवा भएकोले अब वन्ने वन सेवा नियमावली भित्र ट्रेड युनियनको कुनै पनि प्रावधान नराख्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.६.६ | जंगलमा रहेका निश्चित साइजभन्दा माथिका रुखहरुको लगत नम्वरिङ्ग गर्ने व्यवस्था गरेपछि कर्मचारी सरुवा भइ जाँदा वा आउँदा यही लगत तेरिजका आधारमा वर वुझारथ गर्ने व्यवस्था गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| ६.६.७ | राष्ट्रिय वन र सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिम गरिने कटानको सिफारिस र छपानसम्म जिल्ला | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना |

| | | | |
|---|---|---|---|
| | वन कार्यालयका प्राविधिकहरुले गर्ने । त्यसपछि प्राविधिकको सिफारिस वमोजिम भए नभएको अनुगमनको काम जिल्ला वन कार्यालय, सामुदायिक वन, साझेदारी वन र जिल्ला विकास समितिका प्रतिनिधिहरु भएको जिल्ला स्तरीय संयन्त्रले गर्ने । | | |
| ६.६.८ | जिल्लाको वन तथा संरक्षण क्षेत्रहरुका लागि कार्यालय प्रमुख (लगायत अन्य कर्मचारी) छनौट गर्ने आधार विस्तार गरी उपयुक्त व्यक्ति छनौट गर्न सहयोग पुऱ्याउने उद्देश्यले वन सेवा अन्तर्गत रहेका जनरल फरेष्ट्री, फरेष्ट रिसर्च तथा नेशनल पार्क एण्ड वाइल्ड लाइफ समूहका राजपत्राङ्कित श्रेणीलाई एक अर्को समूहमा सरुवा वा पदस्थापनको लागि खुल्ला गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | छ महीना |
| ६.६.९ | वन, वनस्पति र वन्यजन्तु संरक्षण गर्न विशेष प्रकृतिको तालिम प्राप्त सशस्त्र वन संरक्षण फोर्स (Armed Forest Force, AF2) तयार गरी निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा राष्ट्रिय वन क्षेत्रमा हुने वन्यजन्तुको चोरी शिकारी व्यापार तथा वन जंगलको अवैध कटान एवं वन अतिक्रमण जस्ता कार्यको रोकथाम गर्ने कार्यको जिम्मेवारी दिन सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष |
| ६.६.१० | काठ, दाउरा विकी वितरण गर्ने गरी खडा गरिएका टी.सी.एन.एवं वन पैदावार विकास समिति जस्ता निकायहरुका औचित्य र आवश्यकताको आधारमा समेत मूल्याङ्कन गरी तिनीहरुको संगठनात्मक संरचनामा परिर्वतन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | अर्थ मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय । | छ महीना |
| ६.६.११ | वन र वनस्पतिको अध्ययन अनुसन्धान जस्तो एउटै प्रकृतिका काम गर्ने वन अनुसन्धान तथा सर्भेक्षण विभाग र वनस्पति विभागलाई एकीकरण गरी एउटै विभाग बनाउने । | वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्राय | १८ महीना |
| | ***६.७ वन अतिक्रमण*** | | |
| ६.७.१ | भूमिसुधार तथा व्यवस्था मन्त्रालयले प्रत्येक जिल्लाको वन क्षेत्रको जग्गा नाँपजाँच गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई अनिवार्य रुपमा पूर्जा दिने र वन कार्यालयहरुले पनि आफ्नो हक अधिकारको वन क्षेत्र संरक्षण गर्ने गराउने । त्यस्तै पर्ति ऐलानी तथा नदी उकासलाई वृक्षारोपण गरी समुदायद्वारा संरक्षण गर्ने गरी विशेष पूर्जा उपलव्ध गराउने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | एक वर्ष |
| ६.७.२ | गैरकानूनी रुपमा वन क्षेत्र अतिक्रमण भएका स्थानमा राज्यले भौतिक संरचना लगायतका निर्माण नगर्ने नगराउने, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाबाट यस्तो काम भएकोमा त्यस्ता संस्थाको दर्ता खारेज लगायतका अन्य कारवाही समेत गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, गृह मन्त्रालय र समाज कल्याण परिषद् | अविलम्व |
| ६.७.३ | मुलुकको सबै वन अतिक्रमण नियन्त्रण गर्ने र अतिक्रमित | वन तथा भू- | तुरुन्त |

| | | | |
|---|---|---|---|
| | वन क्षेत्रलाई पुनः वन क्षेत्र कायम गर्ने गरी योजना बनाई तीन वर्षभित्रमा कार्य सम्पन्न गर्न एउटा अधिकार सम्पन्न आयोग गठन गरी जिम्मा दिन सम्वन्धित निकायलाई निर्देशन दिने । | संरक्षण, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | |
| ६.७.४ | वन जंगल फँडानी गरी मुक्त कमैया पुर्नस्थापना गर्ने कार्य तुरुन्त वन्द गरी जग्गा खरिद गरेर वा हदवन्दीभन्दा माथिको जग्गा प्राप्त गरी वितरण गर्न उपयुक्त भएकोले उक्त विकल्पलाई अवलम्वन गर्न तुरुन्त आवश्यक व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | भूमि सुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय | तुरुन्त |
| ६.७.५ | तराई र भित्री मधेशमा वन क्षेत्र अतिक्रमण गरी बसेका मुक्त कमैया, सुकुम्वासी, वाढी पहिरो पीडित जो सुकै हुन्, तिनीहरुको पहिचान गरी उचित विकल्प सहित वन क्षेत्रबाट हटाई व्यवस्थित वसोवास गराउन कार्य योजना तयार गरी कार्यान्वयन गर्ने । | भूमि सुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय | छ महीना |
| ६.७.६ | नेपालको वर्दिया राष्ट्रिय निकुञ्ज र भारतको कतर्नीयाघाट वन्यजन्तु आरक्ष बीच रहेको खाता जैविक मार्ग तथा भारतको दुधवा र नेपालको शुक्ला फाँटा वन्य जन्तु आरक्ष तथा वर्दिया राष्ट्रिय निकुञ्ज वीचमा पर्ने वसन्ता जैविक मार्गहरु मुक्त कमैया, सुकुम्वासी, वाढी पीडितको नाउँमा अतिक्रमण भई ती स्थानहरु गम्भीर संकटमा परेकोले उक्त जैविक मार्गबाट मुक्त कमैया, सुकुम्वासी, वाढी पीडितलाई हटाई अन्यत्र पुर्नस्थापना गर्नुपर्ने, ती स्थानमा नयाँ नापी वा जग्गा वितरण कोही कसैलाई पनि नगर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | भूमि सुधार तथा व्यवस्था मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय | अविलम्व |
| ६.७.७ | कतिपय स्थानमा केही व्यक्तिहरुले राजनैतिक शक्तिको दुरुपयोग गरी वन क्षेत्र अतिक्रमण गरेको पाइएकोले राजनैतिक दलहरुले यस्ता कार्यलाई दुरुत्साहन गर्ने र स्थानीय प्रशासनले वन अतिक्रमण रोक्न गर्ने पहललाई सहयोग पुऱ्याउने गरी जिल्ला जिल्लामा प्रमुख राजनैतिक दलहरुका जिम्मेवार व्यक्तिहरु रहने गरी एक संयन्त्र बनाई उक्त संयन्त्रको माध्यमले अतिक्रमण नियन्त्रणलाई सहयोग पुऱ्याउन सम्वन्धित निकायलाई निर्देशन दिने । | गृह मन्त्रालय | तुरुन्त शुरु गरी निरन्तरता दिने । |
| ६.७.८ | नेपाल सरकार तथा स्थानीय निकायहरु (गा.वि.स. नगरपालिका) आदिले बसोवास व्यवस्था, पूर्वाधार निर्माण तथा अन्य विकास निर्माणका कामहरु गर्दा राष्ट्रिय भू-उपयोग नीतिले अवलम्वन गर्ने मार्ग दर्शनका आधारमा वन, वनस्पति, वन्यजन्तु, भू-बनौट लगायत वातावरण संरक्षणको विविध क्षेत्रमा न्यूनतम असर पर्ने गरी गर्नु पर्ने । | स्थानीय विकास, भौतिक योजना तथा निर्माण, भूमिसुधार तथा व्यवस्था र वातावरण मन्त्रालय | छ महीना |
| | ***६.८ जैविक विविधताको संरक्षण*** | | |
| ६.८.१ | संरक्षित क्षेत्र तथा वाहिरका वन क्षेत्रमा वन्यजन्तु लगायत जैविक विविधता संरक्षणको लागि सरकार एवं समुदाय दुवैले विशेष योजना तयार गरी लागू गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष |
| ६.८.२ | वर्तमान समयमा तराई र भित्री मधेशको अधिकांश वन क्षेत्र खण्डीकरणको ठूलो चापमा परेको हुँदा वन क्षेत्र विकासको | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |

| | | | |
|---|---|---|---|
| | रणनीतिमा जैविक मार्ग (Biological corrider) एवं सम्पर्क क्षेत्र (Connectivity) को पहिचान, संरक्षण र विकास गर्न विशेष पहल गर्दै यस्ता क्षेत्रलाई कानूनी पहिचान प्रदान गर्नुपर्ने । | | |
| ६.८.३ | वन क्षेत्र वाहिर रहेका सिमसार, नदी उकास, जोखिम अवस्थामा रहेका स्थान, ताल तलैया एवं अद्वितीय प्राकृतिक स्थलहरुको पहिचान, अभिलेख र संरक्षणका कार्य गर्ने । यसका लागि स्थानीय निकाय (जि.वि.स./नगरपालिका/गा.वि.स.) ले पहल गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | स्थानीय विकास मन्त्रालय | तीन महीना |
| ६.८.४ | संरक्षित क्षेत्र वाहिर रहेका वन्यजन्तुको अवस्था वा संख्या जैविक विविधताको स्थिति समेत आवधिक रुपमा अनुगमन गरी सार्वजनिक रुपमा जानकारीमा ल्याउने । | वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष |
| ६.८.५ | प्रत्येक सामुदायिक वन, साझेदारी वन तथा अन्य वन क्षेत्रहरुमा रहेका विशेष महत्वका जैविक विविधताहरुको अभिलेखीकरण गर्ने र आनुवांशिक स्रोतमा पहुँच तथा लाभको वाँडफाँड सम्वन्धमा कानूनी व्यवस्था गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष |
| | ***६.९ चुरे संरक्षण*** | | |
| ६.९.१ | चुरेलाई विशेष क्षेत्रको रुपमा कायम गरी संरक्षित वन क्षेत्रको रुपमा विकास गर्ने । | योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय | एक वर्ष |
| ६.९.२ | चुरेमा मानव वस्ती बढी हुँदा मानवीय चाप परेको छ । तसर्थ छाप्रा हालेर जंगल फँडानी गरी अनधिकृत रुपले बसेकालाई तत्कालै अन्यत्र स्थानान्तरण गरी दर्तावाला वसोवासीले पनि स्वेच्छिक स्थानान्तरण (Voluntary relocation) को आवश्यकता महशुस गरेमा त्यस्तालाई स्थानान्तरणको व्यवस्था क्रमश: गर्दै जाने । | वन तथा भू-संरक्षण मन्त्रालय, गृह मन्त्रालय | एक वर्ष |
| ६.९.३ | चुरे संरक्षणको कार्यलाई उच्च प्राथमिकता दिई यस क्षेत्रको एकीकृत विकासको लागि आवश्यक पर्ने वजेटको व्यवस्था आन्तरिक एवं वाह्य स्रोतबाट गर्न विशेष पहल गर्ने । | अर्थ मन्त्रालय, योजना आयोग | छ महीना |
| | ***६.१० जलाधार व्यवस्थापन*** | | |
| ६.१०.१ | चुरे र आसपासका क्षेत्रमा संरक्षण खेती प्रणालीको अवलम्वन गर्न रणनीति तयार गरी कार्यान्वयन गर्ने । | कृषि तथा सहकारी मन्त्रालय | एक वर्ष |
| ६.१०.२ | चुरे क्षेत्रको सम्वेदनशील र जोखिममा रहेका जलाधार क्षेत्रहरुको पहिचान गरी तिनमा अविलम्व एकीकृत माटो, पानी तथा जलाधार संरक्षणका कार्यहरु सम्वन्धित गा.वि.स, जि.वि.स. तथा भू-संरक्षण कार्यालयले संयुक्त रुपमा गर्ने । | स्थानीय विकास मन्त्रालय/ वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना |
| ६.१०.३ | संवेदनशील क्षेत्रका रुपमा पहिचान भएका स-साना जलाधार क्षेत्रलाई स्थानीय तहमै कुनै कार्य नगर्ने क्षेत्र (No Go Zone) को रुपमा घोषणा गरी संरक्षण गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय | तुरुन्त |

| | | | |
|---|---|---|---|
| ६.१०.४ | पानीको मुहान संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिई वर्षाको पानी संकलन र सदुपयोगका कार्यक्रम कार्यान्वयन गर्ने । | स्थानीय विकास मन्त्रालय | तुरुन्त |
| ६.१०.५ | संवेदनशील जलाधार क्षेत्रहरुमा वहुवर्षे खेती लगाउनका लागि आर्थिक सहयोग प्रदान गर्ने । हरेक जिल्लाका चुरे तथा भावर क्षेत्रको लागि उपयुक्त हुने वहुवर्षे कृषि वालीको सूची जिल्ला कृषि विकास कार्यालयले तयार गरी प्रचार प्रसार गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय | चार महीना |
| | ***६.११ जलवायु परिवर्तन र वन*** | | |
| ६.११.१ | वन क्षेत्रले जलवायु परिवर्तनको असरलाई न्यून गर्ने तथा अनुकूलन गर्ने जानकारी आम नागरिकसम्म पुऱ्याई वन संरक्षणप्रति अभिप्रेरित गराउन सरोकारवाला संघ सस्थाहरुले पहल गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, वातावरण मन्त्रालय | छ महीना |
| ६.११.२ | वन क्षेत्रले गर्ने कार्वन संचिती लगायतका अन्य वातावरणीय सेवालाई निश्चित गरी उक्त सेवालाई वजार प्रणालीमा ल्याउने गरी नीतिगत व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, वातावरण मन्त्रालय | छ महीना |
| ६.११.३ | कार्वन र वातावरणीय सेवा वापत वजार प्रणाली वा अनुदानबाट प्राप्त हुने रकमलाई वन फँडानीको रोकथाम तथा वनको हैसियत कायम राख्न आर्थिक पारितोषिक (Financial Incentive) को रुपमा उपयोग गर्दै वनको दीर्घकालसम्म संरक्षण गर्ने प्रवन्ध मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण, वातावरण र अर्थ मन्त्रालय | छ महीना |
| ६.११.४ | वनको कार्वन लगायत गैर कार्वन सेवा विनिमयद्वारा प्राप्त हुने रकमलाई सरकार, समुदाय तथा व्यक्ति वीच वितरण गर्ने नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण, वातावरण र अर्थ मन्त्रालय | छ महीना |
| | ***६.१२ विविध*** | | |
| ६.१२.१ | वन संरक्षणको स्थिति र महत्वका वारेमा जानकारी गराउने अभिप्रायले माध्यमिक तहको अनिवार्य विषयमा उपयुक्त पाठ्यांश समावेश गर्ने व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | शिक्षा मन्त्रालय | २०६७ चैत्र मसान्त |
| ६.१२.२ | सरकारद्वारा व्यवस्थापन गरिएको र सामुदायिक वन संरक्षण, व्यवस्थापन र अनुसन्धान क्षेत्रमा काम गर्ने जनशक्तिको वृत्ति विकास तथा क्षमता अभिवृद्धिको कार्य गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | २०६७ चैत्र मसान्त |
| ६.१२.३ | वन, वनस्पति र वन्यजन्तु संरक्षणका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन गर्ने गरी राष्ट्रिय संरक्षण पुरस्कारको व्यवस्था गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय | २०६७ चैत्र मसान्त |
| ६.१२.४ | वन क्षेत्रभित्र हुने वा वन क्षेत्रलाई प्रत्यक्ष प्रभाव पार्ने कुनै किसिमका सडक, वाँध, पूल, जस्ता पूर्वाधारको निर्माण वा | वातावरण मन्त्रालय | एक वर्ष |

| | | | |
|---|---|---|---|
| | खानी तथा खानीजन्य वस्तुको अन्वेषण तथा उत्खनन गर्नु पूर्व यस्ता कार्यबाट पर्नसक्ने रणनीतिक वातावरणीय प्रभाव (Strategic Environment Impact Assesment, SEA) अध्ययन गरेर मात्र गर्ने गरी विद्यमान कानूनी व्यवस्थामा सुधार गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । | | |
| ६.१२.५ | भूमि माथि पर्ने दवावलाई कम गर्न अनुसन्धानकर्ता, निजी क्षेत्र तथा सरकारले क्रमशः उपयुक्त वैकल्पिक व्यवस्थाको खोजी गर्ने, त्यसमा लगानी गर्ने र त्यस्ता विकल्पहरुलाई नीतिगत संरचनाको माध्यमले संरक्षण गर्ने व्यवस्था गर्नु पर्ने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, उद्योग मन्त्रालय | एक वर्ष |
| ६.१२.६ | झापाको वाहुनडाँगी क्षेत्रमा हुने मानिस र हात्ती बीचमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न भारतको पश्चिम वङ्गाल सरकारसँग समन्वय गरी रोकथाम र नियन्त्रणका कार्य तत्काल शुरु गर्ने । | परराष्ट्र मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, गृह मन्त्रालय । | |